नेपालको दाङजिल्लामा दङ्गिशरण राजा थिए । उनी थारुहुन् कि भन्ने अनुमान गरिएको छ । थारुहरुमा जमीनमाथिको स्वाभित्व ग्रहण गर्न नहुने रुढीलाई २०२१ सालको भूभिसुधारले स्वामी बनाइदिएको छ । यद्यपि यो जाति खर्चालू हुनाले आर्थिक विपन्नताबाट पिरोलिई आफ्नोहकको जमीन बिक्री गरी खर्चचलाउनु पर्ने चेपुवामा परेको थियो । अव सीपूलक शिक्षाको प्रचार र आरक्षणक करण केही उन्नति टाठाबाठा थारुहरुले गरीआएको देखिन्छ । पुस्तौ देखि बसाई फेर्दै कृषि, पशुपालन गर्दै आएको थारु जातिमा स्थायीत्व आएको छ । भूमिसुधार लागू भएपछि पनि मोहि हुन नचाहने थारुलाई मोहियानी दिलाउने एक उच्चस्तरीय आयोग गठन गरिएको थियो । तराईमा औलो उन्मूलन र बनफडानीले बस्तीवस्ती बाक्लो बन्दै गएको छ । बूढान (बाँके, बर्दिया) तिर थारुहरुका बाक्ला बस्तीहरुछन् र दाङमा जमीन्दारहरु अफै विचरण गरिरहेका छन् । दाङमा भन्दा देउखुरीमा थरुहरुका बडेवडे जिन्दारी छन् । पशुपालन र खेतीगर्ने थारुहरु धेरै सम्पन्न छन् तापनि तराइको भेषभूषाले यिनीहरु निरीह फै लागेका मात्र हुन् । जमीनको लालपूर्जा पाएका धेरै थारुहरुले फजूलखर्च गरी आफ्नो जमीन बेचेर भागे गरेपछि सुकुम्बासी भई अिरी, नैनीतालतिर लागेको प्रशङ्ग पनि पाइन्छ ।२४ त्यता गएर आर्जन गर्ने थारुहरुको जीवन पद्धति पूर्ववत् रहेको भन्ने थाहा हन्छ । जे होस् थारु जाति अतितमा समुन्नत, सभ्य तथा समृद्धजाति रहेको कुरा निर्विवाद छ । यस जाति नेपालको आदिवासी भएपनि जनजति होइन र यसको उत्पति नेपालमै भएको कुरा पनि पुष्टि भइसकेको छैन । नवोदय थरु युवाहरुले आफ्नो विगत गौरव तथा सभ्यतालाई पुनर्जागरण गराउन आफ्नै जातिका मानिसा सास्कृतिक क्षय र विचलन आउन नदिई बिकासलाई अङ्गीकार गर्दै थारु सभ्यताको पहिचानलाई जीवन्त राखी अगाडि बढ्नु पर्ने बेला आएको छ ।

Footnotes

१. Vaman Shiraram Apte, **Sanskrit English Dictionary (Banarash: Motlal Banarashida , 1982) P. 264.**

२. धनबज्र बज्राचार्य, लिच्छबिकालका अभिलेख (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान २०३०) पृष्ठ, २१८-२१ ।

३. ऐजन, पृष्ठ २४४-५७४ ।

४. टेकनाथ गौतम, थारु जातिको इतिहास तथा संस्कृति (दाङ : सुशीलकुमार गौतम एम्.ए, २०४४) पृष्ठ, २६-३० ।

५. मेदिनिप्रसाद शर्मा, थारु जाति : एक अध्ययन (विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०४४) पृष्ठ, ५-१३ ।

६. को अर्डिनेटर कार्यालय, राप्ती एकीकृत ग्रामिण विकास परियोजना (दाङ :राप्ती एकीकृत ग्रा.वि. परियोजना, २०३८) पुष्ठ, ७-१५ ।

७. टेकन प्रसाद गौतम, दाङको इतिहास र भूगोल (दाङ : दाङ छात्र-सहायता कोष समिति, २०१५), पृष्ठ, ५-१५ ।

८. ऐजन, पृष्ठ, ११ ।

९. ऐजन, पृष्ठ, १९ ।

१०. टेकनाथ गौतम, राप्ती अञ्चलको इतिहास तथा केही संस्मरण (वाराणसी : अजय पिन्टर्स, २०५२) पृष्ठ, ५८-६१ ।

११. जनकनन्दिनन्दन प्रसाद सिंह "भारत और नेपालका राजवंश" साहित्यालोक बर्ष ५ अंक १ (२०४० त्रि.वि.हिन्दी केन्द्रीय विभागको मुखपत्र) पृष्ठ, १२-१३ ।

१२. राजाराम सुवेदी, कर्णाली प्रदेशको मध्यकलीन इतिहास (काठमाडौं : साझा प्रकाशन, २०५४) पृष्ठ, ३९५ ।

१३. ऐजन, पृष्ठ, ३८८ । सं. श्रीधर मजगैंया, मजगैंया (पोखरेल) वंशको इतिहास तथा वंशावली (दाङ : श्रीधर शर्मामजगैंया, २०५३) पृष्ठ, ४ । अधिकारी वंशावली प्रकाशन मूल समिति, उदयपुर राज्यको इतिहास तथा अधिकारी वंशावली (दाङ :वंशावली प्रकाशन मूल समिति, २०५८) पृष्ठ, ९ ।

१४. गौतम, पूर्ववत्, टिप्पणी नं. ७, पृष्ठ, १९ ।

१५. गौतम, पूर्ववत्, टिप्पणी नं. ४, पृष्ठ, ६० ।

१६. रामजी तेवारी, विं.सं. १८४३ मा भएका केहि मुख्य घटना "पूर्णिमा बर्ष १ अंक २, पृष्ठ ६८ । दिनेशराज पन्त "आश्रित राज्यकाउपर बहादुर शाहले लिएको नीति", पूर्णिमा बर्ष ३, अंक १ पृष्ठ, ५२ । गितु गिरी, प्यूठान राज्यको इतिहास (बुटवल : विशाल पुस्तक सदन, २०६२) पुष्ठ, २०-३० ।

१७. Rajesh Gautam, Ashok Thapa Magar, Tribal Ethography of Nepal II,(Delhi: Book faith India, 1994) PP. 227-229. .

१८. महेश चौधरी, नेपालको तराई तथा यसका भूमिपूत्रहरु (दाङ : शान्ति चौधरी, २०६४) पृष्ठ, १७४-१५९ ।

१९. राहुल सांकृत्यायन, पुरातत्व निवन्धावली ॥ (इलाहावाद : किताव महल, १९५८ ई.) पुष्ठ, ९३-९५ ।

२०. मेदिनी प्रसाद शर्मा, थारुजाति : एक अध्ययन, पूर्ववत्, टिप्पणी नं. ५, पृष्ठ, ६०-६१ ।

२१. ऐजन, पृष्ठ, ६५-६९ ।

२२. Dor Bahadur Bista, **People of Nepal** (Kathmandu : Ratna Pustak Bhanar, 1980A.D) PP. 123-127.

२३. सूर्यबहादुर सेन ओली, कैलालीको डायरी (प्रकाशोन्मुख कृति २०३१) पृष्ठ ३-७ ।

२४. गौतम, पूर्ववत्, टिप्पणी नं. ४, पृष्ठ, ६७-६९ । ईश्वर बराल, "थारुजाति र तिनको संस्कृति" नेपाली सांस्कृतिक परिषद बर्ष १अंक १ (२००४ विं.सं.) पृष्ठ ४१-४७ । थारु कल्याणकारिणी सभा, थारुसंस्कृति (काठमाडौं : थारु कल्याण कारिणी सभा, २०३५) पृष्ठ, ४१-४५ ।

कीर्तिपुरका मानन्धरले तोरी पेल्ने कोल

- डा. भवेश्वर पंगेनी

परिचय

नेपालको नेवार समुदायमा रहेका विभिन्न 'थर' 'जात' मध्ये मानन्धर पनि एउटा हो। मध्यकालको उत्तरार्द्धतिरका लिखतमा देखिने 'मानन्धर' को उत्पत्तिका साथै काठमाडौँ उपत्यकामा उनीहरुको बसोबासको थालनी तथा पेशाका बारेमा प्रकाश पार्ने यथेष्ट सामग्री फेला परेका छैनन् । यति हुँदाहुँदै पनि आधुनिक कालको पूर्वार्द्धतिरसम्म काठमाडौँ उपत्यकामा बसोबास गर्ने नेवार जातिमध्ये मानन्धर पनि रहेको देखिन्छ । मानन्धरको सन्दर्भ परेको प्राप्त पुरानो लिखत सम्भवत: ने.सं. ३५७ (वि.सं. १२९४) ज्येष्ठ शुक्ल द्वादशीको हो जसमा 'मानधरी' उल्लेख पाइन्छ ।[१] पछि गएर 'मानन्धर' एवम् 'साल्मी' एक अर्काको पर्यायवाची देखिन्छन् । त्यसो त तोरी पेल्ने व्यवसायसँग पनि सम्बन्धित मानन्धरका बारेमा कतिपय जानकारी प्रकाशमा आएको पाइन्छ । यसै सन्दर्भमा प्रस्तुत लेखमा काठमाडौँ स्थित अशोक विनायक (मरु गणेश) मन्दिरमा बत्ती बाल्ने प्रयोजनका लागि गणेशको गुठिमा दरिएको कीर्तिपुरका चार वटा तोरी पेल्ने कोल सोही क्षेत्रका मानन्धर समुदायले सञ्चालन गरेको प्रसङ्गलाई प्रमुख विषयका रुपमा चर्चा गरिएको छ ।

व्यवसायमा मानन्धर समुदाय

गोपालराज वंशावलीमा ने.सं. ४९६ (वि.सं. १४३२) कार्तिक पूर्णिमाको दिन 'चापाह्न' बनाउने मानन्धर जगत भएको उल्लेख छ ।[२] हुनत अर्जुनदेवको शासनकालमा ने.सं. ४८५ आश्विन शुल्क नवमी उल्लेख गरिएको एउटा ताम्रपत्रमा 'अमरसिं मान्धुर' उल्लेख छ । 'मानधरी' मानन्धरको महिलावाचक शब्द तथा मानधर, मान्धुर, मानन्ध्र, मानोधर र मानाधर पनि जातिवोधक शब्दका रुपमा प्रयोग भएको भनिन्छ । पेशाका आधारमा मानन्धरलाई तूसिया (तुस्या), चेकनकर्मी, तैलकार, तैली भनिएको पाइन्छ ।[३] मानन्धर परिवारका कुनै सदस्यले नैरान्मा गुह्येश्वरी पत्ता लगाएको, कृषि कार्यमा संलग्न एक मानन्धर परिवारले बालिकाको रुपमा रोइरहेकी भद्रकालीलाई फकाई फुल्याई काठमाडौँ ल्याएको भन्ने जस्ता थुप्रै उल्लेख्य कार्य गरेको भनाइ पनि पाइन्छन् ।[४] यस्ता विवरणको यथार्थता भने अझ खोजबिन गर्नु पर्ने देखिन्छ ।

आज भन्दा ४१२ वर्षजति पहिला 'साल्मी' शब्द प्रयोगमा आएको तथा 'साल्मी' लाई सालमि, साल्मी, साय्मि, सा:मि र स:मि पनि भन्ने गरेको पाइन्छ ।[५] राजा जयस्थिति मल्लको सुधारमा पनि 'साल्मी' को उल्लेख पाइन्छ । त्यस बखत साल्मीलाई 'तेल पेल्ने, बेच्ने बाबीयाले षत वाधने' दायित्व दिइएको थियो ।[६] लिखतमा साल्मीको उल्लेख गरिएको तथा आजसम्म प्रकाशमा आएको सम्भवत: सबैभन्दा पुरानो सन्दर्भ यो नै हो । कुनै समय इन्द्रजात्रामा साल्मीका छोरालाई खटमा राखी विभिन्न टोलामा लगी जात्रा गर्ने प्रचलन रहेको देखिन्छ । १८५७ सालमा जातभात सम्बन्धी मुद्दामा सात सय साल्मीसँग जिताउरी लिएर जितापत्र दिइएको सन्दर्भ पाइन्छ । साल्मी जातमा जातभात सम्बन्धी विषय सामान्यतया नेपालको न्यायिक प्रशासनमा उल्लेख नपाइने 'नुन्छेका सभा' बाट पनि फैसला गरिन्थ्यो । १८६५ सालमा जारी गरिएको एउटा रुक्कामा सहर

---

१ धनवज्र वज्राचार्य, पूर्वमध्यकालका अभिलेख, काठमाडौँ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०६८, पृ. १३० ।

२ धनवज्र वज्राचार्य र कमल पि. मल्ल, द गोपालराज वंशावली, विस्बडेन: फ्रेन्ज स्टेनर भेर्लाग, ई.सं. १९८५, पृ.११२ र १५८, पत्र संख्या- ५६ ।

३ जीतबहादुर मानन्धर, मानन्धर निबन्ध मुना, लाय्कू सा:, मय्जु तारादेवी मानन्धर, वि.सं. २०६०, पृ. २ ।

४ जितबहादुर मानन्धर, विरिञ्चिनारायण, काठमाडौँ: श्रीमती तारादेवी मानन्धर, वि.सं. २०४६, पृ. ४३-४५ ।

५ मानन्धर, पाद टिप्पणी नं. ३, पृ. १-२ ।

६ चन्द्रविक्रम बुढाथोकी, जयस्थिति मल्लको सुधार, पुलचोक: साझा प्रकाशन, वि.सं. २०३९, पृ. ७, १८ ।

काठमाडौँ र कीर्तिपुरका साल्मी जातिले उपभोग गर्दै आएको 'साल्मीका रकमको दैदस्तुर उँघाउँनी पघाउँनी डंराडकुराड मऱ्यो अपुताली' थामिएको सन्दर्भ पाइन्छ ।[७]

१८९९ साल तिर आइपुग्दा लिखतमा 'साल्मी नाइके' को सन्दर्भ पाइन्छ । नाइके बनाउने काम सरकारको हो वा सम्बन्धित साल्मीले नै गर्दथे तथा नाइकेको दायित्व के कस्तो हुन्थ्यो भन्ने सम्बन्धमा प्रकाश पार्ने सामग्री भने फेला परेको छैन । यद्यपि चार अदालतका कप्तान कनकसिं महत, कोटिलिङ्गका विचारीहरु नन्दाराम ढुङ्गेल र रामदास चरालको नामबाट साल्मी नाइके लछिनारानहरुलाई एउटा पत्र लेखिएको थियो । पत्रबाट नाइकेलाई स्थानीय प्रशासनमा केही अख्तियारी दिइएको देखिन्छ । अझ काठमाडौँलगायत सहरहरुमा स्थानीय प्रशासनको केही जिम्मेवारी 'टोल नाइके' लाई दिए जस्तै सरकारले त्यस बखत साल्मीसँग सम्बन्धित विषय साल्मी नाइकेमार्फत गराउँदथ्यो ।

साल्मी नाइकेका सन्दर्भमा राजा राजेन्द्रविक्रम शाहको समयको एउटा लालमोहर फेला परेको छ । लालमोहरमा काठमाडौँ सहरका साल्मी नाइके तथा साल्मी समेत जम्मा २१४ जनालाई सरकारलाई वार्षिक रुपमा बुझाउनु पर्ने दाउरा तथा तेल पेल्न सालको दाउरा बुझाउन पर्ने दायित्वबाट माफि गरिएको थियो । यसबाट राणाकालको पूर्वमा नै सरकारले साल्मी जातिलाई स्थानीय प्रशासनमा सहभागी गराएको देखिन्छ । लालमोहरमा स्पष्ट रुपमा सात टोलमा साल्मी नाइके रहेको पाइन्छ । लालमोहरमा नै मदुटोलको धंत नाइक्या, पोडेटोलको किसला नाइक्या, तलाछे टोलको आसामदु नाइक्या, मदुटोलको धनदत्त नाइक्या, ङह्‌षाटोलको चीकढी नाइक्या, पोडेटोलको किस्नदेव नाइक्या र तलाछेटोलको जैधमदेव नाइक्या को नाम उल्लेख छ । मदुटोल र पोडेटोलमा दुई जना नाइकेको उल्लेख गरिएको छ । संख्यात्मक दृष्टिबाट हेर्ने हो भने लायकुसाल टोलमा सबैभन्दा बढी ३९ जना साल्मीहरु देखिन्छन् । यसैगरी लालमोहरमा १६ टोलको नाम तथा तिनमा रहेका साल्मीहरुको नाम दिइएको छ । साल्मीहरु बसोबास गर्ने काठमाडौँका विभिन्न टोलमा थाहीटी टोल, चस्वाडोल टोल, कफषा टोल, तंलाछि टोल, टेवडे टोल, वलाछि टोल, नवहील टोल, फलेचासा टोल, ङह्या टोल, वटु टोल, टवो टोल, दक्षेसा टोल, पोषरिड्याङ् टोल, न्हुसा टोल, दछेसा टोल र लाएकुसाल टोल थिए । समग्रमा साल्मी परिवारमा नाइके बनाइनु तथा आज भन्दा १६४ वर्ष पहिला एउटै परिवारमा सात जना नाइके तथा सोही परिवारका २१४ जनाको नाम लालमोहरमा उल्लेख गरिनु महत्वपूर्ण मानिन्छ ।

जङ्गबहादुरले थाकुमन साल्मीलाई प्रधानमन्त्रीका तर्फको 'नाइके' नियुक्त गरेका थिए । साल्मी नाइके नियुक्त गरिएपछि थाकुमनले भोटबाट नेपाल आउने व्यापारीको आम्दानीबाट इन्द्रजात्रामा मामुलिको वत्ती बालि बाँकी रहेको खान पाउने थिए । नाइके भए बापत थाकुमन साल्मीले श्री ५ सरकारलाई परिआएको टहलमा रुजु रही लाएअह्राएका काम गर्नु पर्ने थियो ।[८]

तेल पेल्ने व्यवसाय

राणाकालको थालनीतिर पनि तेल पेल्न सहर (काठमाडौँ) का विभिन्न ठाउँमा 'साल' अर्थात् 'कोल' राखिन्थे । तिनको सञ्चालन साल्मीबाट हुने गर्दथ्यो । त्यसो त काठमाडौँमा मात्र नभएर यसको छिमेक कीर्तिपुर, भादगाउँ, बनेपालगायत क्षेत्रमा पनि सालमा नै तेल पेल्ने गरिन्थ्यो ।

काठमाडौँमा भने कोटुसाल-१, दक्षासाल-१, फलैचासाल-१, न्हुसाल-१, तलाछीसाल-१, ठहिटीसाल-१, प्युतालसाल-१ र वटुसाल-१ समेत जम्मा आठओटा सालहरू प्रमुख देखिन्छन् । यी सालहरु सञ्चालन गर्ने साल्मीहरुलाई 'हिटिचोक' बाट सेरा[९] अर्थात् सरकारी खेत/जमिनबाट उत्पादन हुने तोरी दिइने तथा त्यसबाट आएको तेल सरकारले तोकेको विभिन्न परिमाणमा उपलव्ध गराउनु पर्दथ्यो । सेराबाट उत्पादन हुने तोरी पेल्न ति सालका साल्मीलाई कहिलेदेखि त्यस्तो सुविधा दिइएको थियो भन्ने प्रकाश पार्ने सामग्री नपाइए पनि प्रधानमन्त्री जङ्गबहादुरको कार्यकालको पूर्वाद्धसम्म आइपुग्दा यो परम्परा समाप्त भइसकेको देखिन्छ । खासगरी १९१० सालसम्म आइपुग्दा त्यस्ता सबै सेराहरु सरकारले जगिरमा (त्यस बखतसम्म सरकारले आफ्ना कर्मचारीलाई तलबका रुपमा उत्पादन योग्य जमिन दिने गर्दथ्यो । यसरी जागिरदारलाई दिइने जमिनलाई 'जागिर' भन्ने प्रचलन थियो) भर्ना गरिदिएको देखिन्छ ।[१०]

उल्लिखित आठ साललाई जङ्गबहादुरले काठमाडौँको अशोक विनायक (मरुगणेश) सँग सम्बन्धित गराएका थिए । मरुगणेशस्थानमा जङ्गबहादुरकी आमाले चाँदीको हात्ती चढाएकी थिइन् । त्यस्तै जङ्गबहादुरका भाइले चाँदीको तोरण र धर्मनारानले

---

७ भवेश्वर पंगेनी, नेपालको आर्थिक इतिहासः आर्थिक प्रशासनका सन्दर्भमा 'साहु/सुब्बा' धर्मनारान (वि.सं. १९०८-१९२६), काठमाडौँ: धर्मनारान अध्ययन प्रतिष्ठान, वि.सं. २०६८, पृ. १२-१४ ।

८ ऐजन, पृ. १५-१६ ।

९ सिमसार परेको र फाँटिलो खेत; चिस्यान जमिन; राजा-रजौटाहरुले आफैं रोपाइँ गरी धान कमाउने खेत; राजाको खेती; ठूलो खेत; माणी खेत । कृष्णप्रसाद पराजुली, नेपाली बृहत् शब्दकोश, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०, पृ. १३७३ ।

१० कोटुसा लगायत आठ सालहरु गुठी राख्नका लागि राजा सुरेन्द्रविक्रम शाहले साहु धर्मनारानलाई वि.सं. १९१० पौष वदि १२ रोज ३ मा दिएको लिखत ।

चाँदीको गणेश मूर्ति, सुनको छाना एवम् जात्रा सञ्चालन गर्ने खटसमेत चढाएको देखिन्छ । जंगबहादुरका भाइहरुमध्ये कुन भाइले तोरण चढाएको हो भन्ने सन्दर्भ भने लिखतबाट स्पष्ट हुँदैन । ती चाँदीका हात्ती, तोरण, गणेश मूर्ति एवम् सुनको छाना तथा जात्राको खटसमेतको 'संचिता' अर्थात् सुरक्षा/संरक्षण गर्नलाई गुठी राखिएको थियो । प्रधानमन्त्री जङ्गबहादुरको सिफारिसमा राजा राजेन्द्रविक्रम शाहले उल्लिखित आठ सालहरु सो गणेशका नाममा गुठी राखी धर्मनारान तथा निजका सन्तान दरसन्तानलाई सञ्चालनको जिम्मा दिएका थिए ।

प्रधानमन्त्रीकी आमा, भाइ तथा धर्मनारानले गणेश मुर्तिसमेत राखेको धार्मिक स्थानलाई आवश्यक गुठी राख्नका लागि हिटिचोकको बन्द भएको उपरोक्त आठ 'साल' को आम्दानी रकम धर्मनारानलाई दिन उपयुक्त हुने कुरा जङ्गबहादुरले राजासमक्ष अनुरोध गरेका थिए । उनकै अनुरोधअनुसार पहिले हिटिचोक अड्डामा दरिएका आठ सालमा तेल पेल्ने साल्मीहरुसँग पहिले हिटिचोकबाट तोरी दिएर वार्षिक रुपमा लिइने रकमलाई गणेशको गुठी राखी त्यसैमा खर्च गर्ने व्यवस्था मिलाइयो ।[११] फलस्वरुप गणेशस्थानमा नित्य पूजा गर्ने तथा विभिन्न पर्व एवम् वार्षिक जात्रामा दिपबत्ती बाल्नसमेत उक्त सालको आम्दानीको तेल प्रयोग गरिन लाग्यो ।

तेल पेल्ने सालका सम्बन्धमा सरकारले साल्मीलाई तोरी उपलब्ध गराउने तथा तिनबाट नियमानुसार तेल लिइन्थ्यो । जहाँसम्म उल्लिखित आठ सालका साल्मीसँगको सन्दर्भ छ, ती सबैबाट सरकारले लिने गरेको रकम १९१० सालदेखि गणेशको गुठी राख्नका लागि धर्मनारान तथा उनका सन्तान दरसन्तानले सञ्चालन गर्नका लागि पनि ती सालबाट अघि लिइँदै आएको रकम गुठियारलाई दिने र गुठियारले पनि लेखिएअनुसार दिप बत्ती बाल्न लगाई सुनका छाना, चाँदीका तोरण, हात्ती तथा जात्राको खटको स्याहार गर्नु पर्ने अख्तियारी दिइयो ।

साल्मी तथा सालको सन्दर्भ उठाउँदा आजका दिनमा पुरानो रुपमा प्राय देख्न नपाइने सालको बनोटका सम्बन्धमा पनि कतिपय जानकारी पाउन सकिन्छ ।[१२]

कीर्तिपुरमा कोल सञ्चालन

एक शाताव्दी पहिले कीर्तिपुर क्षेत्रमा रहेका प्रमुख चार बस्ती कीर्तिपुर, पाँगा, नगाउँमध्ये कीर्तिपुरको पालिफल अन्तर्गत कोटुसाटोलमा मात्र मानन्धरहरुको बस्ती रहेको थियो । १९८० सालतिर यहाँ ८० परिवार मानन्धरको बसोवास रहेको पाइन्छ ।[१३] त्यसको तीन दशक पछि २०१०/०११ सालतिर भने यो संख्या घटेर ६४/६५ भयो ।[१४] मानन्धरहरुको बस्ती कोटुसाः टोलमा रहेका चारकोलमध्ये तीन वटालाई एउटा टहरामा र एउटालाई अर्को छुट्टै टहरामा राखिएको थियो । सामान्यतया हिउँद अर्थात् जाडो महिनामा बढि मात्रामा तेल पेल्ने काम हुन्थ्यो । त्यसो त पानी परेर खेत रोप्न हतार भएमा अर्थात खेतिको कामलाई हतार भएका बखत बाहेक अवस्था र आवश्यकता अनुसार तेल पेल्ने काम गरिन्थ्यो । यहाँका मानन्धर परिवारको मुख्य व्यवसाय प्रायः तेल पेल्ने भएकाले कीर्तिपुरका कोलमा एउटा परिवारले वर्षमा सरदर ६/७ पालो तेल पेल्न पाउँदथे ।[१५] हुनतः एक पटक तेल पेल्न तयारीका साथ ८ दिन जति लाग्दथ्यो भने एक पटकका लागि तीन मुरि (८ मानाको एक पाथी, २० पाथीको एक मुरी) १० पाथी जति तोरी चाहिन्थ्यो । एकै पटक यति धेरै तोरी खरिद गर्न पनि सामान्य परिवारका लागि सहज थिएन ।

तोरी/पिना खरिद

व्यापारीहरुले प्रायः पहाडतिरबाट मार्खु, टिस्टुङ् हुँदै पुरानो बाटोबाट तोरी बिक्रीका लागि काठमाडौँ ल्याउने गर्दथे । यसरी बाहिरबाट ल्याइएको तोरी थानकोटदेखि माथि पर्ने पानीघाट एवम् थानकोटमा व्यापारीहरुले खरिद गरेर त्यहाँ नै आ-आफ्ना गोदाममा बिक्रीका लागि राख्दथे । पानीघाट तथा थानकोटमा तोरी खरिद गरी बिक्रीका लागि गोदाममा राख्ने व्यापारीमध्ये कीर्तिपुरका लक्ष्मीनारान, उतनारान र जितनारान मानन्धर पनि भएको पाइन्छ ।[१६]

यहाँ उल्लेख्य के छ भने पहाडतर्फ तोरी पेल्ने कोल तथा विधि भने काठमाडौँमा मानन्धरहरुको भन्दा बेग्लै हुन्थ्यो । सामान्यतया सालको काठको कोल बनाइन्थ्यो । कोलको मुख्य

---

११ ऐजन ।

१२ ज्ञानकाजी मानन्धर, बनेपा सात गाउँ, काभ्रेः सुखवेती मानन्धर, वि.सं. २०६७, पृ. १०४-१०५ ।

१३ कीर्तिपुर नगरपालिका कोटुसा टेल वस्ने वीरको नाति सिंगवीरको छोरा पुर्णमान मानन्धरलाई अश्वविनायक गणेश गुठीमा दरिएको कीर्तिपुर कोल ४ मा तेल पेल्ने मानन्धरहरुसँग दस्तुर लिनका लागि १९८० साल आश्विन २१ गते रोज १ मा सुब्बा गणेशदास रत्नदासले दिएको ठेक्का सम्बन्धी लिखत ।

१४ कीर्तिपुर नगरपालिका वडा नं.१७ बाहिरीगाउँ निवासी भाइचा मानन्धरसँग २०७२/०५/१९ का दिन निजको निवासमा भएको वार्ता । वार्ताका बखत मानन्धरको उमेर ८७ वर्षको थियो ।

१५ कीर्तिपुर नगरपालिका वडा नं. ५ समलटेल निवासी धनबहादुर मानन्धरसँग २०७२/०५/२२ का दिन कोटुसा (पहिले तोरी पेल्ने कोल भएको स्थान) मा भएको वार्ता । मानन्धरको जन्म वि.सं. २००० सालमा भएको थियो । धनबहादुर मानन्धर, सुरज मानन्धर, संघरत्न मानन्धर, वीरेन्द्र मानन्धर, न्हुच्छेबहादुर मानन्धर (गुरुंचा) हरुसँग वार्ता तथा कोल, कुलु र इँटसमेत उपलब्ध गराउने कार्य कीर्तिपुर नगरपालिका वडा नं. ६ समल निवासी सिद्धिकुमार मानन्धरबाट भएको हो ।

१६ ऐजन ।

भाग अर्थात 'कोल' लाई जमिनमा गाडिन्थ्यो भने जमिन बाहिर ४/५ फिटको उँचाइको हुन्थ्यो । कोलको माथिल्लो भागमा एक पाथी तोरीको धुलो 'फुलो' हालेर 'बियों' (कोलको धुरीमा हालिने चुकुलविशेष)[१७] हालेर पेल्न मिल्ने प्वाल बनाइन्थ्यो । बियोंलाई 'कात्री' (कोलको बियो र ढिकुवालाई जोड्ने तेर्सो काठ)[१८] तथा ढिकुवा (बियोंका टुप्पाबाट कात्रीमा जोडिने काठ)[१९] बाट जोडेर बियों र कात्रीलाई ढिकुवाले जोडेर त्रिभुजाकार बनाइन्थ्यो । बियोंलाई कोलको प्वालमा छिराएर प्वालको वरिपरि हालिएको तोरीको धुलोलाई च्याप्ने हिसाबसँग मानिसले कात्रीलाई समातेर कोलको वरिपरि फनफनी घुमाएर तेल निकालिन्थ्यो । कोल घुमाउने काम प्रायः मानिसबाट गरिन्थ्यो । यसका लागि ३/४ जना तथा कोलमा तोरीको फुलो अर्थात धुलोको घान लगाउनका लागि एक जना मानिस चाहिन्थ्यो । काठको पनिउँले घान लगाउने गरिन्थ्यो । तोरी पेल्ने काम प्रायः महिलाबाट हुन्थ्यो । परिवारबाट नपुग्ने भएमा यसका लागि पर्मा लगाउने चलन पनि थियो ।

तोरीलाई सुकाउने, केलाउने काम सकेपछि ढिकीमा कुट्नु पर्दथ्यो । १० पाथी तोरी कुट्ने र सुपो (नाङ्लो) मा राखेर एक जनाले दिनभर केलाएर मसिनो बनाउनु पर्दथ्यो । यसरी आवश्यकता अनुसार मसिनो पारिएको तोरीको फुलोमा आवश्यकता अनुसार पानी राखेर निकै माडेपछि मात्र कोलमा हालिन्थ्यो । फुलोलाई माड्ने क्रममा पानी धेरै परेका खण्डमा अनावश्यक पानी सुकाउनका लागि तताउने गरिन्थ्यो । तोरीको फुलो तयार गरिएपछि बिहानदेखि साँझसम्म १० पाथी जति पेल्न सकिन्थ्यो । १ पाथी तोरीबाट १.५ (डेढ) माना तेल आउँदथ्यो । यस हिसाबले १० पाथी तोरीको १५ माना (१ पाथी ७ माना) तेल आउँथ्यो । दिनभर तोरी पेलेपछि कोलधनीलाई एक पाथी तोरीको पिना बुझाउनु पर्दथ्यो ।[२०]

यसरी कोलमा पेलेको तोरीको धुलोबाट सबै तेल निकाल्न सकिँदैनथ्यो । एक पटक तेल निकालिएपछि पेलिएको धुलो स-साना पिनाको टुक्रा बन्दथ्यो । आधा जस्तो तेल बाँकी रहेको त्यस्तो पिना खरिद गरेर कतिपय व्यापारीले बिक्रीका लागि काठमाडौँ ल्याउने गर्दथे । यस्तो पिना भने प्रायः काठमाडौँको भीमढुङ्गा क्षेत्रमा बिक्री गरिन्थ्यो । सामान्यतया वैशाख/जेठ महिनामा ल्याइने त्यस्तो पिनाका टुक्रालाई थानकोट क्षेत्रमा रहेका थोक व्यापारिले खरिद गर्दथे ।

थोक व्यापारिले खरिद गरेको तोरी एवम् पहाडबाट ल्यइएको पिनालाई काठमाडौँका मानन्धरहरुले आ-आफ्नो फुर्सद, हैसियत एवम् आवश्यकता अनुसार खरिद गर्दथे । एक पटकमा तोरी तीन मुरीदेखि तीन मुरी दश पाथीसम्म खरिद गरिन्थ्यो भने पिना पनि पाथीका हिसाबले खरिद बिक्री गरिन्थ्यो । तेल निकाल्न बाँकी रहेको पहाडिया पिनाका टुक्रा पेल्न पाँच बोरा खरिद गर्नु पर्दथ्यो । एक बोरामा २० पाथी हुने भएकाले एक पटकमा १०० पाथी अर्थात ५ मुरी जति किन्नु पर्दथ्यो ।[२१] यहाँ उल्लेख्य के देखिन्छ भने मानन्धरहरुले तेल पेल्ने व्यवसाय सञ्चालनका लागि आफैले तोरी/पिना खरिद गर्नु पर्दथ्यो । प्रत्येक वर्षमा पहिलो पल्टका लागि रकम खोजखाज गरेर तेल पेलेपछि सोही तेल एवम् पिना बिक्रीबाट प्राप्त रकमले त्यस वर्ष तेल पेल्न आवश्यक अनुसार तोरी तथा पिना खरिद गर्दथे ।

तेल पेल्न आवश्यक जनशक्ति

कोलमा तेल पेल्न एक पटकमा ६/७ जना मानिस आवश्यक पर्दथ्यो । यो संख्या प्रायः सबै परिवारमा हुने भएकाले सामान्यतया एउटै परिवारका सदस्यबाट तेल पेल्ने काम सम्पादन गरिन्थ्यो । कथंकदाचित परिवारका सदस्यबाट मात्र नपुग भएमा परिमा गरिन्थ्यो । त्यत्तिले मात्र नपुग भएमा ज्याला दिएर ज्यामि लगाइन्थ्यो । एक जना ज्यामिलाई एक घान (पटक) तेल पेल्दा अर्थात बिहान तेल पेल्न शुरु गरेपछि तीन/साढे तीन मुरी तोरी वा ५ मुरी पिना पेलेर नसकिँदासम्म निरन्तर काम गर्नु पर्दथ्यो । यसका लागि ज्यामिलाई बिहान, दिउसो र साँझ खाना खुवाएर एक सुका (२५ पैसा) दिनु पर्दथ्यो । जहाँसम्म तेल पेल्न आवश्यक पर्ने मानिसको संख्याको सन्दर्भ छ, तोरी कुट्नका लागि कम्तीमा ३ जना महिला तथा कुटिएको तोरीको धुलो भुट्न र भुटेको तोरी पेल्नका लागि कम्तीमा ३ जना पुरुषको आवश्यकता पर्दथ्यो । त्यसो त बिहान सबेरैदेखि राती अबेरसम्म काम गरिरहनु पर्ने भएकाले सो काममा पालो दिने अरु मानिस भएमा छिटो तथा सहज हुन जान्थ्यो ।[२२]

---

१७ पराजुली, टिप्पणी संख्या ९, पृ. ९६९ ।

१८ ऐजन, पृ. २२३ ।

१९ ऐजन, पृ. ५७४ ।

२० रुपन्देही-मिलनचोक, बुटवल निवासी बेलकुमारी भट्टराईसँग निजको निवासमा वि.सं. २०७२ साल आश्विन २४ गते लिएको अन्तर्वार्ता । पाल्पा जिल्ला मदनपोखरा गा.वि.स.स्थायी बसोबास भएको भट्टराईको जन्म १९८८ सालमा भएको थियो भने उहाँ २१ वर्ष पहिले बुटवल ओर्लेको हो ।

२१ कीर्तिपुर नगरपालिका वडा नं. ५ समलटेल निवासी धनबहादुर मानन्धर र कीर्तिपुर नगरपालिका कुटसाटेल बस्ने मंगल मानन्धरसँग २०७२/०५/२२ का दिन कोटुसामा भएको वार्ता ।

२२ कीर्तिपुर नगरपालिका वडा नं.१७ बाहिरीगाउँ निवासी भाइचा मानन्धरसँग २०७२/०५/१९ का दिन निजको निवासमा भएको वार्ता ।

तेल पेल्ने प्रक्रिया

आवश्यक रकमका साथ कीर्तिपुरबाट थानकोट गएर थोक व्यापारीसँग तोरी खरिद गरी घर फर्कन एक दिन लाग्दथ्यो । तोरीमा रहेको भूस, माटोलगायत केलाएर सफा गराउन परिवारका महिलालाई दिनभर जस्तो लाग्दथ्यो । तोरी खरिद गरेको तेस्रो दिन बिहान उज्यालो नहुँदै सपरिवार तेल पेल्न कोलमा जाने गर्दथे । कोलमा गाडिएको लामो ढुङ्गो 'योसिं' लाई विश्वकर्माको प्रतिमूर्ति मानेर पूजा गरिन्थ्यो । यो पूजाका साथै तोरीलाई त्यहाँ रहेको ढिकीमा मसिनोसँग कुटिन्थ्यो । कुटिएको तोरीलाई नाङ्लोमा राखेर २/३ पटक केलाएर मसिनो धुलोलाई मात्र भुट्नु पर्दथ्यो । तीन इञ्च जति बाक्लो तथा पाँच पाथी जति तोरीको धुलो एकै पटक भुट्न मिल्ने माटोको ठूलो 'भाजँ' (हाँडी) मा सोही परिमाणको कुटेको तोरी भुट्ने काम गरिन्थ्यो । तोरीको धुलो मात्र भुटेका खण्डमा डढ्ने हुनाले नडढोस् भन्नाका लागि आवश्यक अनुसार पानी राख्दै भुट्ने गरिन्थ्यो । हातले तोरीको धुलोलाई वल्ट्याइ, पल्ट्याइ गरिन्थ्यो । एक पटक हाँडिमा राखिएको सबै तोरीको धुलो एकै किसिमबाट आवश्यकअनुसार भुटिएपछि मात्र त्यसलाई 'पौं' (बेत) बाट बनाइएको 'पुःचा' (पेरुङ्गो जस्तो वस्तु/झोला) मा राखिन्थ्यो । एक पटक भुटेको पाँच पाथी जति धुलो सबै सो पुःचामा राखिन्थ्यो । यसरी भुटेको तोरीको धुलो भरिएको पुःचलाई १२ हातका ठूला ठूला दुई काठ 'गं' (कोल) मा राखेर पेल्ने काम गरिन्थ्यो । तोरीको धुलोलाई दुई ठूला ठूला काठले च्यापेर तेल निकाल्ने भएकाले बेतबाट बनाइएको एउटा पुःच ३/४ पालो तेल पेलेपछि फुटेर काम नलाग्ने हुन्थ्यो । त्यसैकारण एउटा कोललाई एक वर्षका लागि १४/१५ वटा पुःचको आवश्यकता पर्दथ्यो । उल्लेख्य के छ भने काठमाडौँ सेतो मच्छिन्द्रनाथको रथ बनाउनका लागि बेतको आवश्यकता पर्दथ्यो । आवश्यक बेतको व्यवस्थापनका लागि सरकारले ठेकेदारलाई ठेक्कामा दिने गर्दथ्यो । ठेकेदारले आफ्ना मानिस पठाएर तराईको जंगलबाट काठमाडौँमा बेत ल्याउने गर्दथे । यसरी ल्याइएको बेतबाट रथ बनाउने काम सकिएपछि बाँकी रहेको बेत भने ठेकेदारले बिक्री गर्दथे । बिक्रीका लागि बेतलाई ३/४ हात लामो टुक्रा बनाएर १२/१५ टुक्रालाई एउटा मुठो बनाइन्थ्यो । एउटा पुच बनाउन यस्ता ४ मुठा जति बेत चाहिन्थ्यो ।[२३]

एक पटकमा ३ मुरी १० पाथी तोरी पेल्ने क्रममा सो तोरीको धुलो भुटनका लागि ५ भारी जति दाउरा चाहिन्थ्यो । पहिले पहिले अर्थात राणाकालको अन्त्यतिरसम्म कीर्तिपुरका कतिपय मानन्धर परिवार चम्पादेवीको पल्लोपाखामा रहेको चःखेलको जंगलमा गएर आफैले दाउरा ल्याउने पनि गर्दथे । तर पछि भने जंगलमा गएर दाउरा ल्याउन सहज नभएकाले दाउरा किनेर यस क्षेत्रका मानन्धरले तोरी भुट्ने गर्दथे ।

एक घान तोरी सामान्यतया दुई पटक पेल्ने गरिन्थ्यो । पहिलो पटक भुटेको तोरीको धुलो बेतको पेरुङ्गोमा राखेर पेलेपछि सो धुलो सोही पेरुङ्गाको आकारमा एउटा ठूलो पिनाको चक्का बन्दथ्यो । एक पटक पेलेपछि पिनाको चक्कालाई हातले फुटाएर फेरी ढिकीमा कुटेर अझ धुलो बनाइ पहिले जस्तै दोस्रो पटक पनि हाँडिमा भुटिन्थ्यो । यसरी भुट्दा पुनः डढ्न नदिन पानी राख्दै हातले चलाइन्थ्यो । यसपछि धुलोलाई बेतको पेरुङ्गामा राखेर दोस्रो पटक पेलिन्थ्यो । माथि नै उल्लेख भइसकेको छ कि सामान्यतया तोरीलाई दुई पटक मात्र पेलिन्थ्यो । हुनतः कसैकसैले एउटै तोरीलाई तीन पटक पनि पेल्ने गरेको पाइन्छ ।

महत्वपूर्ण सन्दर्भ के छ भने बिहान तेल पेल्न शुरु गरेपछि जतिसुकै राती भए पनि सो पालोका लागि ल्याइएको सबै तोरी/पिना पेल्नु पर्दथ्यो । अर्थात कुनै परिवारले आफ्नो पालोमा तीन मुरी तोरी ल्याएको रहेछ भने सो सबै पेलेपछि मात्र कोल बन्द गरिन्थ्यो भने अर्को परिवारले तीन मुरी दश पाथी ल्याएको रहेछ भने उसले पनि सो सबै तोरी पेल्न सकिएपछि मात्र कोल बन्द गरिन्थ्यो । यस प्रकार बिहान शुरुगरेदेखि राती कति ढिलासम्म काम गर्ने भन्ने नभएर ल्याइएको तोरी पेल्ने काम सकियो कि सकिएन भन्ने नै महत्वपूर्ण देखिन्छ । एक पालोका लागि ल्याइएको तोरी अर्को पालोका लागि बाँकी राख्नु हुँदैन भन्ने मान्यता मानन्धर परिवारमा रहेको पाइन्छ ।

आजभन्दा ६५/७० वर्ष पहिले तीन सुका (७५ पैसा) को ८ माना तोरी पाइन्थ्यो । त्यस हिसाबमा साढे तीन मुरी अर्थात ७० पाथी तोरीलाई प्रति पाथी ७५ पैसाका दरले जम्मा ५२/५० रुपैया पर्दथ्यो ।

९ माना तोरीबाट एक कुरुवा (२ माना) तेल आउँदथ्यो । यो हिसाबबाट ७५ पैसामा १ पाथी जति तोरी पाइने भएकाले एक मुरी (२० पाथी) तोरीलाई रु. १५/- र तीन मुरी दश पाथी तोरी खरिद गर्दा रु. ५२/५० खर्च गर्नु पर्ने थियो । त्यस्तै सो तोरीबाट जम्मा १५४ माना तेल आउँदथ्यो (तीन मुरी दश पाथी तोरी भनेको ७० पाथि, ७०० माना तोरी) । माथिको हिसाबमा ९ माना तोरीबाट एक कुरुवा अर्थात दुई माना तेल आउँदा जम्मा ७०० माना तोरीबाट ७७ माना जति तेल आउदथ्यो । एक माना तेलको रु. १/- पर्ने भएकाले जम्मा ७७ माना तेलबाट रु.७७/-प्राप्त हुन्थ्यो ।

४ पाथी तोरीबाट एउटा पिना चक्कि बन्दथ्यो । एउटा पिना चक्किमा ४ धार्नी तौल हुन्थ्यो । यस हिसाबबाट एक मुरी तोरीबाट ५ चक्कि र साढे तीन मुरीबाट १७.५ (साढे सत्र) चक्कि पिना हुन्थ्यो । त्यस बखत एक धार्नि पिना ६० पैसामा

---

२३ ऐजन ।


बिक्री हुन्थ्यो । यस दरमा बिक्री गर्न सकेमा उक्त सबै पिनालाई (१७.५ चक्कि ह ४ धार्नि .: ७० धार्नि ह ६० पैसा . रु. ४२/–) रु ४२/– पर्दथ्यो । यस प्रकार एक पालो तोरी पेल्दा रु. ११९/– आम्दानी हुनजान्थ्यो । यसमा तोरी खरिद गर्दा आवश्यक पर्ने रकम घटाएमा जम्मा रु. ६६/५० जति फाइदा हुन्थ्यो । यसमा मेहनतको हिसाब भने परेको छैन । सामान्यतया खेतीबाट दैनिकी मात्र चल्ने भए तापनि पैसाको जोहो नहुने अवस्थामा यो नाफा रकम पनि ठूलै मानिन्थ्यो ।

एक वर्षमा ४ पटक तोरी पेल्ने मानन्धरले ३ कुरुवा र आधा माना तेल तथा प्रत्येक पटकमा एक धार्नी पिना दिनु पर्दथ्यो । त्यस्तै छालाको लहरा (डोरी) अर्थात 'ना' बनाउनेलाई ज्यालाका रुपमा एक पटक तोरी पेल्दा आधा माना तेल दिनु पर्दथ्यो ।[२४]

यसै सन्दर्भमा के पनि उल्लेख्य छ भने कीर्तिपुरका मानन्धरहरुले प्रत्येक वर्षको हिउँदमा पहाडतर्फबाट बिक्रीका लागि काठमाडौँको भीमढुङ्गामा ल्याउने गरेको पिना खरिद गरी तेल निकाल्ने गर्दथे । काठको कोलमा एक पटक मात्र पेलिएको यस्तो पिना सामान्यतया पहाडबाट वैशाख/जेठ महिनामा व्यापारीहरुले बिक्रीका लागि काठमाडौँमा ल्याउने गर्दथे । एक पाथी पिनाको तौल एक धार्नी जति हुन्थ्यो । एउटा बोरामा २० धार्नी पिना अटाउँदथ्यो । एक पालोका लागि पाँच बोरा पिना अर्थात १०० धार्नी (पाथी) आवश्यक पर्दथ्यो । २०१७/०१८ सालतिर एक पाथी/धार्नी पिनालाई रु. १/- पर्दथ्यो । यस हिसाबले एक जनाले एक पटकमा १०० धार्नी पिना खरिद गर्नका लागि रु. १००/- खर्च गर्नु पर्दथ्यो । यस्तो पिनालाई सबैभन्दा पहिला कुटेर मसिनो धुलो बनाइन्थ्यो । सो धुलेलाई पानी राखेर नडढ्ने किसिमबाट भुटेर पेल्ने गरिन्थ्यो । यसका लागि पनि एक दिन एक रात लाग्दथ्यो । यो पिनालाई भने तोरीलाई जस्तो दुई पटक नभएर एक पटक मात्र पेलेपछि पिनामा बाँकी रहेको तेल निस्कन्थ्यो ।

१०० धार्नी/पाथी पिनाबाट ५ पाथी तेल र १०० धार्नी पिना हुन्थ्यो । १ पाथी तेललाई ६ रुपैयाँ जति पर्दथ्यो । काठमाडौँको ठँहिटीतिर लगेर बिक्री गर्दा एक धार्नी पिनालाई रु. १/- पर्दथ्यो । मानिसहरुले मलका रुपमा खेतमा राख्न तथा कतिले आफ्ना गाई वस्तुलाई खुवाउन पिना किन्ने गर्दथे । यसरी रु. १००/- लगानी गरेर पिना पेल्दा आफ्नो मिहिनेत बाहेक तेलबाट रु. ६०/- र पिनाबाट रु. १०० /- समेत जम्मा रु. १६५/- आम्दानी हुन्थ्यो । पिना भुटनका लागि ५ भारी दाउरा किन्दा रु. १५/- जति लाग्दथ्यो । यस प्रकार आफ्नो मिहिनेतलाई वास्ता नगर्दा एक पटक पिना पेल्दा रु. ५०/- जति फाइदा हुनजान्थ्यो । यहाँ महत्वपूर्ण के पनि छ भने पिना खरिद गर्न भीमढुङ्गा गएर कीर्तिपुर ल्याइ पेलेर काठमाडौँमा बिक्री गर्ने काममा कम्तीमा दुई हप्ता लाग्दथ्यो । आफूले पेलेको तेललाई कीर्तिपुरका मानन्धरहरुले घैँटो आकारको छालाको भाँडो 'कुलु' मा राख्ने गर्दथे । कुलुको आकार भने २/३ देखि १०/१२ पाथी तेल राख्न मिल्ने किसिमका हुन्थे ।

कुलुको तस्बिर[२५]



(तस्बिर-लेखक)

कुलुमा राखेको तेल तथा पिना चक्कीलाई 'सिइचा' अर्थात नोलमा बोकेर बिक्रीका लागि कीर्तिपुरबाट काठमाडौँतर्फ लैजाने गरिन्थ्यो ।

कीर्तिपुरका मानन्धरहरुले पेलेको तेल तथा पिनालाई बिक्रीका लागि प्रायः काठमाडौँको ठँहिटीटेलमा लैजाने गर्दथे । त्यसो त कतिपयले घर घरमा गएर पनि तेल र पिना बिक्री गर्दथे । यो प्रयासबाट पनि सबै तेल तथा पिना बिक्री नभएका खण्डमा काठमाडौँ मरुहिटी टोल स्थित 'तहबिल' मा बिक्री गर्न लैजाने गरिन्थ्यो । तहबिलमा जतिसुकै परिमाण भए तापनि तेल तथा पिना खरिद गरिन्थ्यो, यद्यपि बजारमा भन्दा तहबिलमा एक पाथी तेलको मूल्य भन्दा । ५० (पचास पैसा) र पिना एक धार्निमा ।१० पैसा कम दिने गरिन्थ्यो ।[२६] उल्लेख्य के छ भने यो तहबिल लामो समयसम्म सुब्बा गणेशदास रत्नदासले.सञ्चालन गरेका थिए ।

---

२४ कीर्तिपुर नगरपालिका वडा नं.१७ बाहिरीगाउँ निवासी भाइचा मानन्धरसँग २०७२/०५/१९ का दिन निजको निवासमा भएको वार्ता ।

२५ यो कुलु कीर्तिपुर नगरपालिका कुटसाटेल बस्ने श्री सुरज मानन्धरको संग्रहमा रहेको छ ।

२६ कीर्तिपुर नगरपालिका वडा नं. ५ समलटेल निवासी धनबहादुर मानन्धर र कीर्तिपुर नगरपालिका कुटसाटेल बस्ने मंगल मानन्धरसँग २०७२/०५/२२ का दिन कोटुसा (पहिले तोरी पेल्ने कोल भएको स्थान) मा भएको वार्ता ।

२०१०/०१२ सालतिर कीर्तिपुरमा ६४ परिवारजति मानन्धर थिए । विभिन्न व्यवसायका क्रममा कतिपय भने ठिमी, कालिमाटी, थानकोट पानीघाट, चित्लाङ, थानकोट र गुर्जुधारामा बसोवास गर्दथे । त्यसो त प्रत्येक वर्षको श्रीपञ्चमी (वसन्त पञ्चमी) को पहिलो दिनदेखि एक सातासम्म उनीहरु सबै कीर्तिपुर गुठीमा आएर बस्ने गर्दथे । यसरी विभिन्न पेशा/व्यवसाय सञ्चालनका क्रममा कीर्तिपुदेखि बाहिर गएका मानन्धरले भने परम्परादेखि सञ्चालन गर्दै आएको तेल पेल्ने व्यवसाय क्रमशः छाड्दै गएका थिए । फलस्वरुप २०१७/०१८ सालतिर ४० परिवार जतिले तेल पेल्ने व्यवसायलाई निरन्तरता दिँदै आएका थिए । खासगरी २०१५/०१६ सालतिर काठमाडौँ न्हुसालका मानन्धरहरुले ढिकीबाट तोरी कुट्ने परम्परगत प्रविधिलाई छाडेर नयाँ एवम् सहज प्रविधियुक्त विद्युतबाट सञ्चालन हुने मेसिन ल्याएका थिए । यसबाट एकै पटकमा तोरीलाई आवश्यकता अनुसार धुलो बनाउन सकिने भएकाले कीर्तिपुरका मानन्धर हरुले पनि आफुले खरिद गरेको तोरी केलाएर पिस्नका लागि काठमाडौँको न्हुसालटोलमा लैजाने गर्दथे । उनीहरुले तोरी बोकेर न्हुसालटोल पुऱ्याउने, पिसाएर कीर्तिपुर ल्याएर पेल्ने र तेल तथा पिना बिक्रीका लागि पनि काठमाडौँमा नै लैजानु पर्दथ्यो ।[२७]

विस्तारै तेल पेल्नका लागि आधुनिक मिल आयात भएकाले काठमाडौँ उपत्यकाका मानन्धरहरुले जस्तै कीर्तिपुरकाले पनि परम्परागत रुपमा कोलबाट तेल पेलेर आफ्नो व्यवसाय सञ्चालन गर्न नसक्ने अवस्था आयो । काठको कोलबाट पेलिएको तेलले मिलबाट पेलिएको तेलसँग बजार मूल्यमा प्रतिस्पर्धा गर्न सक्ने सम्भावना रहेन । यसै परिवेशमा २६/३० वर्षदेखि भने कीर्तिपुरमा परम्परागत रुपमा तेल पेल्ने व्यवसाय बन्द हुन गयो । यहाँका मानन्धरहरुले आफ्नो पेशा छाड्न बाध्य भए । यद्यपि १/२ मानन्धरले काठको कोललाई फलामको 'स्क्रु' लगाएर परिमार्जन गरी केही सहज बनाइ ८/१० वर्ष अगाडिसम्म तेल पेल्ने गरेका थिए । यसरी केही वर्ष पहिलेसम्म सञ्चालनमा रहेको तोरी पेल्ने काठको कोल अहिले पनि कीर्तिपुरमा देख्न पाइन्छ ।[२८] त्यति भए तापनि तोरी भुट्ने, कुट्ने पेल्ने जस्ता झन्जट एवम् तेल र पिना बिक्रीको पनि समस्या रहेकाले वर्तमानमा कीर्तिपुरका यस्ता कोल सञ्चालनमा छैनन् ।

कीर्तिपुरमा कुनै पुरानो घरको आँगन एवम् चोकमा 'चिकं अप' अर्थात तेलीया इँट देखियो भने सो घर तेल पेल्ने व्यवसायी मानन्धरको हो भनेर सहजै जान्न सकिँदो रहेछ । किनभने सामान्यतया तोरी सुकाउन तथा केलाउन सजिलो हुने भएकाले पहिले पहिले यहाँका मानन्धरले खासगरी संखमुलबाट तेलीया इँटा खरिद गरी ल्याउने गर्दथे । यसरी ल्याइएको इँटा मानन्धरहरुले आफ्नो आँगनमा मिहिन रुपमा विछ्याउने गर्दथे जहाँ सोझै तोरी सुकाउन र केलाउन सकिन्थ्यो । यसरी एक शताव्दी भन्दा पहिले विच्छ्याइएको इँटाको नमूना आज पनि कतिपय घरको आँगनमा देख्न पाइन्छ ।

इँटको तस्बिर[२९]



(तस्बिर-लेखक)

इन्द्रजात्राका अवसरमा हनुमानढोका अगाडि ठड्याइने लिङ्गो भक्तपुरको नाला स्थित जंगलबाट काटेर ल्याउने परम्परा अद्यापि रहेको छ । सरकारले राणाकालको अन्त्यतिरसम्म सुब्बा गणेशदास रत्नदासलाई यो कार्यको अख्तियारी दिने गरेको भनाइ पाइन्छ । त्यसैकारण सुब्बाहरुले मानिस पठाई लिङ्गो काटेर ल्याउने व्यवस्था मिलाउने गर्दथे । यसरी नालाको जङ्गलमा काटिएको सालको लिङ्गोलाई मानन्धरहरुले नै हनुमानढोकासम्म ल्याउने गर्दथे । यस क्रममा नालाबाट भक्तपुरको सल्लाघारीसम्म अन्य क्षेत्रका मानन्धरले ल्याएको लिङ्गोलाई त्यहाँबाट ल्याउन कीर्तिपुरका मानन्धरलाई जिम्मा दिइन्थ्यो भन्ने भनाइ पाइन्छ ।[३०]

---


२७ कीर्तिपुर नगरपालिका वडा नं.१७ बाहिरीगाउँ निवासी भाइचा मानन्धरसँग २०७२/०५/१९ का दिन निजको निवासमा भएको वार्ता ।

२८ स्क्रु लगाएर चलाइने तोरी पेल्ने काठको कोल कीर्तिपुर नगरपालिका वडा नं. ५ ढल्पा निवासी संघरत्न मानन्धरकोमा अहिले पनि देख्न पाइन्छ ।

२९ कीर्तिपुर कोटुटेल स्थित वीरेन्द्र मानन्धरको आँगनमा एक शताब्दी जति पहिले बिछ्याइएको तेलीया इँटा ।

३० कीर्तिपुर नगरपालिका वडा नं. ५ समलटेल निवासी धनबहादुर मानन्धर र कीर्तिपुर नगरपालिका कुटसाटेल बस्ने मंगल मानन्धरसँग २०७२/०५/२२ का दिन कोटुसा (पहिले तोरी पेल्ने कोल भएको स्थान) मा भएको वार्ता ।

वर्तमानमा पनि देख्न पाइने तोरी पेल्ने कोलको तस्बिर[३३]



(तस्बिर-लेखक)

आजका दिनमा भने लिङ्गो ल्याउने कार्य मानन्धर संघबाट हुने गरेको छ ।[३१]

जंगलमा लिङ्गो काट्ने क्रममा लडेका तथा लिङ्गो बनाएर बाँकी रहेको काठ सुब्बाहरुले कीर्तिपुरमा रहेका कोल राख्ने घर बनाउन/मरमत गर्न दिने गर्दथे । यसरी प्राप्त भएको सालको काठलाई कीर्तिपुरका मानन्धरले कोलमा खाँबा (एर्षीभिच) बनाउने गर्दथे । यहाँ स्मरणीय के छ भने कीर्तिपुरमा तेल पेल्न प्रयोग गरिने दुई वटा ठूला ठूला काठ (कोल) भने यसै क्षेत्रमा उपलब्ध हुने 'चिलाउने' को काठबाट बनाइन्थ्यो । यस क्षेत्रमा त्यस किसिमको ठूला सालको काठ नपाइने तथा चिलाउने कडा हुने भएकाले नै सो काठ प्रयोग गरिएको हो ।[३२]

लिखतमा साः (तेल पेल्ने कोल)

कीर्तिपुरमा स्थापना गरिएका चारवटै कोलहरुलाई काठमाडौँ मरु टोलमा रहेको अश्वविनायक गुठीमा दर्ता गरिएको रहेछ । प्राप्त लिखतका आधारमा उक्त गुठी सञ्चालन गर्ने अख्तियारी सुब्बाहरु गणेशदास र रत्नदास (दुई दाजुभाइ) लाई दिइएको देखिन्छ । सुब्बाहरुले कीर्तिपुरका कोलहरुबाट वार्षिक रुपमा तोकिएको मात्रामा तेल, पिना तथा रकम उठाउने जिम्मा दिने गरेको पाइन्छ । यसै सन्दर्भमा १९८० देखि १९९० सालसम्मका कोलहरुबाट रकम उठाउने ठेक्का दिइएको/लिएका लिखत पाइएका छन् । यस्ता लिखतमा देहायका सन्दर्भ परेको पाइन्छ;[३४]

---

३१ त्रिरत्न मानन्धरबाट २०७२ साल भाद्र ३१ गतेका दिन प्राप्त जानकारी । डा. मानन्धर इतिहास विषयका प्राध्यापक हुन् ।

३२ कीर्तिपुर नगरपालिका वडा नं. ६ कोटुसाल टोल बस्ने न्हुच्छे बहादुर मानन्धर (गुरुंचा) सँग २०७२/०५/२२ का दिन कोटुसा (पहिले तोरी पेल्ने कोल भएको स्थान) मा भएको वार्ता ।

३३ कीर्तिपुर नगरपालिका वडा नं. ५ ढल्पा निवासी संघरत्न मानन्धरको घरमा रहेको कोल ।

३४ कीर्तिपुर कोटुसाल टोल बस्ने पऊर्णमान मानन्धरले १९८० सालमा वार्षिक ठेक मोरु १०१ मा, कीर्तिपुर कोटुसाल टोल बस्ने कुलमान मानन्धरको छोरी वर्ष ५० को पुनकुमारी मानन्धरले १९८१ सालमा वार्षिक ठेक मोरु १५१ मा, काठमाडौँ अठ्कोनारान स्थान बस्ने श्रीमान मानन्धरले १९८२ सालदेखि तीन वर्षको मोरु २२८ मा र कीर्तिपुर कोटुसाल टोल बस्ने रत्नवीर हाकुचा र सोही टोलमा बस्ने पुन्मां मानन्धर दुई जनाले १९८५ देखि १९९० सालसम्म पाँच वर्षका लागि वार्षिक मोरु ५२ का दरले जम्मा मोरु २६० मा ठेक्का दिइएको लिखतहरु । उल्लिखित सबै लिखतहरु परिशिष्ट नं. १-८ मा दिइएका छन् । यी लिखतहरु श्री प्रल्हादकृष्ण मानन्धरबाट प्राप्त भएका हुन् । मानन्धर सुब्बा रत्नदासका नाति हुन् ।

२०१०/०१२ सालतिर कीर्तिपुरमा ६४ परिवारजति मानन्धर थिए। विभिन्न व्यवसायका क्रममा कतिपय भने ठिमी, कालिमाटी, थानकोट पानीघाट, चित्लाङ, थानकोट र गुर्जुधारामा बसोवास गर्दथे । त्यसो त प्रत्येक वर्षको श्रीपञ्चमी (वसन्त पञ्चमी) को पहिलो दिनदेखि एक सातासम्म उनीहरु सबै कीर्तिपुर गुठीमा आएर बस्ने गर्दथे। यसरी विभिन्न पेशा/व्यवसाय सञ्चालनका क्रममा कीर्तिपुदेखि बाहिर गएका मानन्धरले भने परम्परादेखि सञ्चालन गर्दै आएको तेल पेल्ने व्यवसाय क्रमशः छाड्दै गएका थिए । फलस्वरुप २०१७/०१८ सालतिर ४० परिवार जतिले तेल पेल्ने व्यवसायलाई निरन्तरता दिँदै आएका थिए । खासगरी २०१५/०१६ सालतिर काठमाडौँ न्हुसालका मानन्धरहरुले ढिकीबाट तोरी कुट्ने परम्परगत प्रविधिलाई छाडेर नयाँ एवम् सहज प्रविधियुक्त विद्युतबाट सञ्चालन हुने मेसिन ल्याएका थिए । यसबाट एकै पटकमा तोरीलाई आवश्यकता अनुसार धुलो बनाउन सकिने भएकाले कीर्तिपुरका मानन्धर हरुले पनि आफुले खरिद गरेको तोरी केलाएर पिस्नका लागि काठमाडौँको न्हुसालटेलमा लैजाने गर्दथे। उनीहरुले तोरी बोकेर न्हुसालटेल पुऱ्याउने, पिसाएर कीर्तिपुर ल्याएर पेल्ने र तेल तथा पिना बिक्रीका लागि पनि काठमाडौँमा नै लैजानु पर्दथ्यो।[२७]

विस्तारै तेल पेल्नका लागि आधुनिक मिल आयात भएकाले काठमाडौँ उपत्यकाका मानन्धरहरुले जस्तै कीर्तिपुरकाले पनि परम्परागत रुपमा कोलबाट तेल पेलेर आफ्नो व्यवसाय सञ्चालन गर्न नसक्ने अवस्था आयो । काठको कोलबाट पेलिएको तेलले मिलबाट पेलिएको तेलसँग बजार मूल्यमा प्रतिस्पर्धा गर्न सक्ने सम्भावना रहेन । यसै परिवेशमा २६/३० वर्षदेखि भने कीर्तिपुरमा परम्परागत रुपमा तेल पेल्ने व्यवसाय बन्द हुन गयो । यहाँका मानन्धरहरुले आफ्नो पेशा छाड्न बाध्य भए । यद्यपि १/२ मानन्धरले काठको कोललाई फलामको 'स्क्रु' लगाएर परिमार्जन गरी केही सहज बनाइ ८/१० वर्ष अगाडिसम्म तेल पेल्ने गरेका थिए । यसरी केही वर्ष पहिलेसम्म सञ्चालनमा रहेको तोरी पेल्ने काठको कोल अहिले पनि कीर्तिपुरमा देख्न पाइन्छ ।[२८] त्यति भए तापनि तोरी भुट्ने, कुट्ने पेल्ने जस्ता झन्जट एवम् तेल र पिना बिक्रीको पनि समस्या रहेकाले वर्तमानमा कीर्तिपुरका यस्ता कोल सञ्चालनमा छैनन् ।

कीर्तिपुरमा कुनै पुरानो घरको आँगन एवम् चोकमा 'चिकं अप' अर्थात तेलीया इँटा देखियो भने सो घर तेल पेल्ने व्यवसायी मानन्धरको हो भनेर सहजै जान्न सकिँदो रहेछ । किनभने सामान्यतया तोरी सुकाउन तथा केलाउन सजिलो हुने भएकाले पहिले पहिले यहाँका मानन्धरले खासगरी संखमुलबाट तेलीया इँटा खरिद गरी ल्याउने गर्दथे । यसरी ल्याइएको इँटा मानन्धरहरुले आफ्नो आँगनमा मिहिन रुपमा विछ्याउने गर्दथे जहाँ सोझै तोरी सुकाउन र केलाउन सकिन्थ्यो । यसरी एक शताव्दी भन्दा पहिले विच्छ्याइएको इँटाको नमूना आज पनि कतिपय घरको आँगनमा देख्न पाइन्छ ।

इँयको तस्बिर[२९]



(तस्बिर-लेखक)

इन्द्रजात्राका अवसरमा हनुमानढोका अगाडि ठड्याइने लिङ्गो भक्तपुरको नाला स्थित जंगलबाट काटेर ल्याउने परम्परा अद्यापि रहेको छ । सरकारले राणाकालको अन्त्यतिरसम्म सुब्बा गणेशदास रत्नदासलाई यो कार्यको अख्तियारी दिने गरेको भनाइ पाइन्छ । त्यसैकारण सुब्बाहरुले मानिस पठाई लिङ्गो काटेर ल्याउने व्यवस्था मिलाउने गर्दथे । यसरी नालाको जङ्गलमा काटिएको सालको लिङ्गोलाई मानन्धरहरुले नै हनुमानढोकासम्म ल्याउने गर्दथे। यस क्रममा नालाबाट भक्तपुरको सल्लाघारीसम्म अन्य क्षेत्रका मानन्धरले ल्याएको लिङ्गोलाई त्यहाँबाट ल्याउन कीर्तिपुरका मानन्धरलाई जिम्मा दिइन्थ्यो भन्ने भनाइ पाइन्छ ।[३०]

---


२७ कीर्तिपुर नगरपालिका वडा नं.१७ बाहिरीगाउँ निवासी भाइचा मानन्धरसँग २०७२/०५/१९ का दिन निजको निवासमा भएको वार्ता ।

२८ स्क्रु लगाएर चलाइने तोरी पेल्ने काठको कोल कीर्तिपुर नगरपालिका वडा नं. ५ ढल्पा निवासी संघरत्न मानन्धरकोमा अहिले पनि देख्न पाइन्छ ।

२९ कीर्तिपुर कोटुयेल स्थित वीरेन्द्र मानन्धरको आँगनमा एक शताब्दी जति पहिले बिछ्याइएको तेलीया इँटा ।

३० कीर्तिपुर नगरपालिका वडा नं. ५ समलटेल निवासी धनबहादुर मानन्धर र कीर्तिपुर नगरपालिका कुटसायेल बस्ने मंगल मानन्धरसँग २०७२/०५/२२ का दिन कोटुसा (पहिले तोरी पेल्ने कोल भएको स्थान) मा भएको वार्ता ।

वर्तमानमा पनि देख्न पाइने तोरी पेल्ने कोलको तस्बिर[३३]



(तस्बिर-लेखक)

आजका दिनमा भने लिङ्गो ल्याउने कार्य मानन्धर संघबाट हुने गरेको छ ।[३१]

जंगलमा लिङ्गो काट्ने क्रममा लडेका तथा लिङ्गो बनाएर बाँकी रहेको काठ सुब्बाहरुले कीर्तिपुरमा रहेका कोल राख्ने घर बनाउन/मरमत गर्न दिने गर्दथे । यसरी प्राप्त भएको सालको काठलाई कीर्तिपुरका मानन्धरले कोलमा खाँबा (एर्षभिच) बनाउने गर्दथे । यहाँ स्मरणीय के छ भने कीर्तिपुरमा तेल पेल्न प्रयोग गरिने दुई वटा ठूला ठूला काठ (कोल) भने यसै क्षेत्रमा उपलव्ध हुने 'चिलाउने' को काठबाट बनाइन्थ्यो । यस क्षेत्रमा त्यस किसिमको ठूला सालको काठ नपाइने तथा चिलाउने कडा हुने भएकाले नै सो काठ प्रयोग गरिएको हो ।[३२]

लिखतमा साः (तेल पेल्ने कोल)

कीर्तिपुरमा स्थापना गरिएका चारवटै कोलहरुलाई काठमाडौँ मरु टेलमा रहेको अश्वविनायक गुठीमा दर्ता गरिएको रहेछ । प्राप्त लिखतका आधारमा उक्त गुठी सञ्चालन गर्ने अख्तियारी सुब्बाहरु गणेशदास र रत्नदास (दुई दाजुभाइ) लाई दिइएको देखिन्छ । सुब्बाहरुले कीर्तिपुरका कोलहरुबाट वार्षिक रुपमा तोकिएको मात्रामा तेल, पिना तथा रकम उठाउने जिम्मा दिने गरेको पाइन्छ । यसै सन्दर्भमा १९८० देखि १९९० सालसम्मका कोलहरुबाट रकम उठाउने ठेक्का दिइएको/लिएका लिखत पाइएका छन् । यस्ता लिखतमा देहायका सन्दर्भ परेको पाइन्छ;[३४]

---

३१ त्रिरत्न मानन्धरबाट २०७२ साल भाद्र ३१ गतेका दिन प्राप्त जानकारी । डा. मानन्धर इतिहास विषयका प्राध्यापक हुन् ।

३२ कीर्तिपुर नगरपालिका वडा नं. ६ कोटुसाल टेल बस्ने न्हुच्छे बहादुर मानन्धर (गुरुंचा) सँग २०७२/०५/२२ का दिन कोटुसा (पहिले तोरी पेल्ने कोल भएको स्थान) मा भएको वार्ता ।

३३ कीर्तिपुर नगरपालिका वडा नं. ५ ढल्पा निवासी संघरत्न मानन्धरको घरमा रहेको कोल ।

३४ कीर्तिपुर कोटुसाल टेल बस्ने पऊर्णमान मानन्धरले १९८० सालमा वार्षिक ठेक मोरु १०१ मा, कीर्तिपुर कोटुसाल टेल बस्ने कुलमान मानन्धरको छोरी वर्ष ५० को पुनकुमारी मानन्धरले १९८१ सालमा वार्षिक ठेक मोरु १५१ मा, काठमाडौँ अठ्कोनारान स्थान बस्ने श्रीमान मानन्धरले १९८२ सालदेखि तीन वर्षको मोरु २२८ मा र कीर्तिपुर कोटुसाल टेल बस्ने रत्नवीर हाकुचा र सोही टेलमा बस्ने पुन्मां मानन्धर दुई जनाले १९८५ देखि १९९० सालसम्म पाँच वर्षका लागि वार्षिक मोरु ५२ का दरले जम्मा मोरु २६० मा ठेक्का दिइएको लिखतहरु । उल्लिखित सबै लिखतहरु परिशिष्ट नं. १-८ मा दिइएका छन् । यी लिखतहरु श्री प्रल्हादकृष्ण मानन्धरबाट प्राप्त भएका हुन् । मानन्धर सुब्बा रत्नदासका नाति हुन् ।

ठेक्का सम्बन्धी विवरण

ठेक्का लिने व्यक्तिको नाम	ठेगाना	ठेक्काको समयावधि		प्रति वर्ष ठेक्काको रकम मोरु	जम्मा ठेक्का रकम मोरु
		देखि	सम्म		
पूर्णमान मानन्धर	कीर्तिपुर कोटुसाल टोल	१९८० साल आश्विन सुदी १ रोज	१९८१ साल आश्विन वदी ३० रोज (१ वर्ष)	१०१/-	१०१/-
पुनकुमारी मानन्धरनी (वर्ष ५०)	कीर्तिपुर कोटुसाल टोल	१९८१ साल आश्विन सुदी १ रोज	१९८२ साल आश्विन वदी ३० रोज (१ वर्ष)	१५१/-	१५१/-
श्रीमान मानन्धर (वर्ष ४२)	काठमाडौँ अठ्कोनारान स्थान	१९८२ साल आश्विन सुदी १ रोज	१९८५ साल आश्विन वदी ३० रोज (३ वर्ष)	७६/-	२२८/-
रत्नवीर हाकुचा मानन्धर (वर्ष ५४) र पुन्मां मानन्धर (वर्ष ४३)	कीर्तिपुर कोटुसाल टोल	१९८५ साल आश्विन सुदी १ रोज	१९९० साल आश्विन वदी ३० रोज (५ वर्ष)	५२/-	२६०/-

माथिको विवरणबाट प्राय: कीर्तिपुरका मानन्धर हरुलाई नै त्यहाँ सञ्चालनमा रहेका चार वटा कोलबाट तेल, पिना एवम् रकम उठाउने ठेक्का दिइएको देखिन्छ । यसरी ठेक्का दिँदा कसैलाई एक वर्षका लागि दिइएको थियो भने कसैलाई तीन वर्ष र कसैलाई पाँच वर्षका लागि ठेक्का दिइएको थियो । पाँच वर्षका लागि भने दुई जनालाई ठेक्का दिइएको थियो । उल्लेख्य के पनि देखिन्छ भने १९८१ सालमा भने कीर्तिपुर कोटुसाल टोल बस्ने कुलसिं मानन्धरको नाति कुलमान मानन्धरको छोरी वर्ष ५० को पुनकुमारी मानन्धरनीलाई एक वर्षका लागि सो ठेक्का दिइएको थियो । यो लिखतबाट आज भन्दा ९१ वर्ष पहिला कीर्तिपुरको मानन्धर समुदायमा महिलाले पनि पुरुष जस्तै घरबाट बाहिर निस्केर ठेक्का लिने (व्यवहार सञ्चालन गर्ने) दायित्व लिन सक्षम रहेको उदाहरण मिल्दछ । यसमा समस्त मानन्धर समुदाय समेतले गौरव गर्नु पर्ने देखिन्छ ।

जहाँसम्म कोल ठेक्का दिँदा उल्लेख गरिएको रकमको सन्दर्भ हो, १९८० सालमा एक वर्षका लागि चारवटा कोलहरु जम्मा मोरु १०१/- मा तथा त्यसको एक वर्षपछि वार्षिक मोरु १५१/- मा ठेक्का लिने/दिने गरिएको थियो । त्यसपछि १९८२ सालमा वार्षिक मोरु. ७६/- का दरले तीन वर्षका लागि र १९८५ सालमा वार्षिक मोरु. ५२/- का दरमा पाँच वर्षका लागि ठेक्का दिइएको देखिन्छ । यसरी कुनै वर्ष मोरु १०१, कुनै वर्ष १५१ र कुनै वर्ष जम्मा मोरु ५२/- मा ठेक्का दिइनुको के कारण थियो भन्ने लिखतबाट स्पष्ट हुँदैन । यसका लागि अझ अनुसन्धानको आवश्यक रहेको छ ।

कोलको आम्दानी ठेक्का दिँदा लेखिएको 'ठेक इजाराको कबुलियेत' मा स्पष्ट रुपबाट साबिक दर र साविकमा चलिआएको तथा तोकिएको दरमा उठाउँदै आए बमोजिम आफुले पनि तेल, पिना तथा रकम उठाउने कुरा उल्लेख गरिन्थ्यो । तोकिएको दरमा रकम उठाउन नसकेर नोक्सान परेका खण्डमा पनि ठेक्का लिंदा तोकिएको रकम तोकिएकै मितिमा ठेकेदारले सुब्बाहरु गणेशदास रत्नदासलाई भुक्तानी गर्नु पर्दथ्यो ।

कीर्तिपुरका मानन्धरहरुले बुझाउनु पर्ने तेल, पिना एवम् रकम कबुलियेतमा स्पष्ट गरिएको हुन्थ्यो । त्यस्तै एक वर्षका लागि ठेक्का लिएको भए ठेक्का रकम चुक्ता गर्ने मिति तथा सो भन्दा बढी वर्षका लागि लिइएको भए ठेक्काको किस्ता रकम बुझाउनु पर्ने मिति पनि कबुलियेतमा नै तोकिएको हुन्थ्यो । यसै क्रममा यहाँका मानन्धरहरुसँग देहायको परिमाणमा तेल, पिना तथा रकम लिइएको देखिन्छ;[३५]

कोलमा तेल पेल्ने मानंधरसँग जति पटक तेल पेले तापनि प्रत्येक घरबाट प्रति वर्ष तेल कुरुवा ३क१
वर्षमा दुई पटक तेल पेल्ने प्रति घर मानन्धरबाट पिना चक्की १
तेल नपेल्ने मानंधरबाट वर्षमा प्रति घर नगद मोरु ।२५
वें (?) वाला काम गर्ने मानन्धरबाट वर्षमा प्रति घर नगद मोरु ।६

१९८० सालमा कीर्तिपुरका कोलमा तेल पेल्ने तथा घर गन्ती रकम तिर्ने जम्मा मानन्धरहरु ८० घर रहेको कुरा लिखतबाट स्पष्ट हुन्छ । एक वर्षमा कति घर मानन्धरले कोलमा

---

३५ १९८०/८१ सालको साविक बमोजिम उठाउनु पर्ने नगद, जिन्सी र दैदस्तुर उठाउनलाई कीर्तिपुर कोटुसाल बस्ने पुर्णमान मानन्धरलाई पठाइएकाले साबिक दर बमोजिम जो बुझाउनु पर्ने नगद, जिन्सी दैदस्तुर समेत बुझाउनका लागि श्री गणेशका गुठीमा दरिएको कीर्तिपुरका चार कोलमा काम गर्ने मानन्धर र अरु मानन्धरहरुका नाममा सुब्बा गाणेशदास रत्नदास मार्फत काठमाडौँ श्री अश्वविनायक गणेश गुठीबाट १९८० साल आश्विन गते २१ रोज १ मा लेखिएको पुर्जी ।

तेल पेल्ने गर्दथे भन्ने एकिन नभए तापनि २५/३० घर मानन्धरले तेल पेल्ने गरेको भन्ने पाइन्छ ।

उल्लिखित परिमाणको तेल, पिना एवम् रकमबाट कीर्तिपुरको वाघभैरवको जात्राका अवसरमा 'श्री इन्द्रयेनी' को स्थानमा बत्ती बाल्नका लागि वार्षिक रुपमा १ पाथी तेल दिनु पर्दथ्यो । त्यस्तै तेल पेल्ने मानन्धर जवानहरुसँग 'तेल पेलने घटु कट्ट को' ३ चक्की पिना पनि लिने गरिएको थियो ।

सुब्बा गणेशदास रत्नदास मार्फत काठमाडौँ श्री अश्वविनायक गणेश गुठीबाट सोही गुठीमा दरिएको कीर्तिपुरका सबै कोलमा काम गर्ने मानन्धर र अरु मानन्धरहरु समेतको नाममा पुर्जी पनि जारि गरिन्थ्यो । यस्तो पुर्जीमा साविक बमोजिम उठाउनु पर्ने नगद र जिन्सि दैदस्तुर समेत उठाउनका लागि नाम तोकेर फलानालाई पठाएको र साविक दर, साविक बमोजिम जो बुझाउनु पर्ने नगद तथा जिन्सि दैदस्तुर समेत निजलाई बुझाइदिने काम गर्ने कुरा स्पष्ट रुपमा उल्लेख गरिएको हुन्थ्यो ।[३६] प्रत्येक पटक कोलबाट जिन्सी एवम् नगद उठाउने ठेक्का दिँदा कीर्तिपुरका मानन्धरहरुका नाममा सुब्बाहरुबाट यस्ता पुर्जी जारी गरिन्थे ।

ठेक्का रकम जति कबुल गरिएको भए तापनि तेल, पिना एवम् नगद रकमको उक्त दरमा भने १९८० देखि १९९० सालसम्म कुनै परिवर्तन गरिएको थिएन ।

सुब्बा गणेशदास रत्नदास मार्फत काठमाडौँ श्री अश्वविनायक गणेश गुठीबाट कीर्तिपुरका कोलबाट आम्दानीमात्र लिने नभई कोलमा आवश्यक मरमत गर्ने काम पनि गुठीबाट गरिन्थ्यो । यसै सन्दर्भमा कीर्तिपुरमा रहेका चार कोल टालटुल गर्न कीर्तिपुर कोटुसाल टोल बस्ने पूर्णमान मानन्धरले सुब्बा गणेशदास रत्नदासका तहबिलबाट मोहर १५ रुपैञा लिएर एउटा भर्पाइ लेखिदिएका थिए । उक्त रकमको खर्चको फाँटवारी बुझाएपछि लेखिएको भर्पाइ फिर्ता लिने कुरा १९८० साल चैत्र ३ गते रोज ७ मा लेखिएको भर्पाइमा उल्लेख गरिएको थियो ।[३७] उल्लिखित फाँटवारी फेला नपरेकाले सो रकम के कस्ता काममा खर्च गरिए भन्ने भने स्पष्ट छैन ।

उपसंहार

१९८० सालतिर कीर्तिपुरमा रहेका ८० घर/परिवारमध्ये आधा भन्दा थोरै अर्थात् २५/३० घर/परिवारले मात्र तेल पेल्ने गरेको देखिन्छ । ३० घरले तेल पेलेका खण्डमा प्रति घर ३ कुरुवा (एक कुरुवामा दुई माना अर्थात २० मुठी हुने) १ माना अर्थात ७ माना तेल प्रतिवर्ष जम्मा हुने देखिन्छ । यस हिसाबबाट हेर्दा एक वर्षमा ३० घरबाट २१० माना (८ मानाको एक पाथी) भनेको २६ पाथी दुई माना हो ।

माथिको हिसाबका आधारमा ८० मध्ये ३० घरले तेल पेल्ने भए बाँकी ५० घरले तेल पेल्दैनथे । यसरी तेल नपेल्ने मानन्धरसँग प्रति घर प्रति वर्ष मोरु /२५ (पच्चीस पैसा/एक सुका) उठाइन्थ्यो । नगद रकम उठाउँदा 'वें वाला' मानन्धरबाट प्रति घर प्रति वर्ष मोरु /६ (छ पैसा) उठाइन्थ्यो । तेल नपेल्ने ५० मध्ये वेंवाला मानन्धरको संख्या कति हुन्थ्यो भन्ने प्रकाशमा आएको पाइँदैन । यदी तेल नपेल्नेमध्ये २० घर मानन्धर वेंवाला भएका खण्डमा उनीहरुबाट प्रतिवर्ष मोरु /६ छ पैसाका दरले उठाउँदा जम्मा मोरु १/२० उठ्थ्यो । त्यस्तै बाँकी ३० घरबाट प्रति घर प्रति वर्ष मोरु /२५ (पच्चीस पैसा) का दरले उठाउँदा जम्मा मोरु ७/५० हुन्थ्यो । यस हिसाबलाई आधार मान्दा १९८०/९० सालमा कीर्तिपुरका चारवटा कोलबाट वार्षिक रुपमा तेल २६ पाथी दुई माना तथा नगद मोरु ८/७० आम्दानी हुने देखिन्छ । जहाँसम्म उठाइएको सो तेलमध्ये वाघभैरव जात्राका बखत इन्द्रायणी स्थानमा बत्ती बाल्नका लागि प्रति वर्ष एक पाथी तेल दिनु पर्दथ्यो । फलस्वरुप जम्मा २५ पाथी दुई माना तेल र नगद मोरु ८/७० ठेकेदारले उठाउने गरेको हुनसक्दछ । यसरी तेल र पिना उठाए पनि ठेकेदारले भने सुब्बाहरुलाई नगद रकम नै बुझाउनु पर्दथ्यो । त्यसैकारण ठेकेदारले तेल र पिना बिक्री गरेर नगद रकम नै जम्मा गर्नु परेको देखिन्छ ।

माथि उल्लेख गरिएका सामग्रीबाट कीर्तिपुरमा काठमाडौँ श्री अश्वविनायक गणेश गुठीबाट सोही गुठीमा दर्ता गरिएका चार कोलहरु रहेको देखिन्छ । यहाँ कोलहरु कहिले स्थापना एवम् सञ्चालन गरिएका थिए ? स्थापनादेखि नै काठमाडौँ श्री अश्वविनायक गणेश गुठीमा दर्ता गरिएको हो वा पछि हो ? कहिलेसम्म कोलहरु सो गुठीमा रहे ? कीर्तिपुरका कोलहरु सञ्चालनमा नआउँदा काठमाडौँ श्री अश्वविनायक गणेश गुठीमा तेल, पिना एवम् रकम कहाँबाट आपूर्ति गरियो भन्ने जस्ता विषयमा प्रकाश पार्ने सामग्री भने फेला परेका छैनन् । त्यस्तै यहाँ सञ्चालनमा रहेका कोलहरुबाट वाघभैरव जात्राका बखत इन्द्रायणी स्थानमा बत्ती बाल्न तेल दिनु पर्ने प्रचलन कहिलेदेखि थालनी गरिएको थियो र कहिलेसम्म कायम

---

३६ १९८१ सालको साविक बमोजिम उठाउनु पर्ने नगद, जिन्सी र दैदस्तुर उठाउनलाई कीर्तिपुर कोटुसाल बस्ने पुनकुमारी मानन्धरनीलाई पठाइएकाले साबिक दर बमोजिम जो बुझाउनु पर्ने नगद, जिन्सी दैदस्तुर समेत बुझाउनका लागि श्री गणेशका गुठीमा दरिएको कीर्तिपुरका चार कोलमा काम गर्ने मानन्धर र अरु मानन्धरहरुका नाममा सुब्बा गाणेशदास रत्नदास मार्फत काठमाडौं श्री अश्वविनायक गणेश गुठीबाट १९८१ साल आश्विन १२ गते रोज ७ मा लेखिएको पुर्जी ।

३७ कीर्तिपुरमा रहेका चार कोलहरु टालटुल गर्न कीर्तिपुर कोटुसाल टोल बस्ने पऊर्णमान मानन्धरले सुब्बा गणेशदास रत्नदासका तहबिलबाट मोहर १५ लिएर १९८० साल चैत्र ३ गते रोज ७ का दिन लेखिदिएको भर्पाइ ।

रह्यो भन्ने पनि उल्लिखित सामग्रीबाट स्पष्ट हुँदैन । कीर्तिपुरमा त्यस बखत नै पाँगा, नगाउँ र कीर्तिपुर तीन मुख्य बस्ती रहेका थिए । तीन बस्तीमध्ये कीर्तिपुरको कोटुसाल टोलमा कोलहरु स्थापना गरिएको देखिन्छ । त्यस्तै सोही बस्ती र सोही टोलमा मात्र मानन्धरहरुको बसोबास रहेको देखिन्छ अर्थात यस क्षेत्रको पाँगा, नगाउँ तथा कीर्तिपुरको अन्य टोलमा समेत मानन्धरको बस्ती रहेको देखिँदैन । यसरी सो एउटा बस्ती तथा एउटा टोलमा मात्र चारवटै कोलहरु स्थापना गर्नुको कारण पनि स्पष्ट छैन । यसका सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

समग्रमा आधुनिक तेल पेल्ने मिलहरु सञ्चालनमा आउनुपूर्व काठमाडौँ उपत्यकामा खासगरी खोकना, भक्तपुर, काठमाडौँ, कीर्तिपुरमा तेल पेल्ने कोलहरु स्थापना र सञ्चालन गरिएको पाइन्छ । उल्लेख्य के छ भने उपत्यकामा पर्ने एउटा शहर ललितपुरमा भने एउटा पनि कोल स्थापना नभएको मानिन्छ । तेल पेल्ने कोलहरु प्राय: मानन्धरले सञ्चालन गर्ने गरेको भेटिए तापनि खोकनामा भने अन्य समुदायका नेवारले तेल पेल्ने गर्दथे । जहाँसम्म कीर्तिपुरको सन्दर्भ छ, १९८० सालमा यहाँ रहेका ८० परिवार मानन्धरहरुमध्ये आधा भन्दा कम परिवारले मात्र तेल पेल्ने व्यवसाय गरेको पाइन्छ । यद्यपि तेल नपेल्ने मानन्धरहरुसँग पनि प्रति वर्ष निश्चित रकम असुल गरिन्थ्यो । यसरी तेल पेल्ने व्यवसायमा संलग्न नभएका मानन्धरहरुसँग किन रकम असुल गरिन्थ्यो भन्ने पनि स्पष्ट छैन । त्यस्तै तेल पेल्ने व्यवसाय अंगालेका मानन्धर समुदायलाई राज्यले के कस्ता सुविधा दिएको हुन्थ्यो भन्ने पनि प्रकाशनमा आएको पाइँदैन । जेहोस् कीर्तिपुर क्षेत्रमा पर्ने कोटुसाल टोलका मानन्धरहरुले लोमो समयसम्म तेल पेल्ने व्यवसाय सञ्चालन गरेर सरकार एवम् सम्बन्धित जनसमुदायलाई ठूलो गुन लगाएका थिए साथै यसबाट व्यवसायीलाई पनि केही फाइदा पुग्न गएको देखिन्छ ।

परिशिष्ट

परिशिष्ट १

ठेक्का

लीषीतम किर्तिपुर कोटुसाल टेल वस्न्या वीरको नाती सींगवीरको छोरा पुर्णमान मानंधर आगे श्री अश्योवीनायेक गणेश गुठीमा दरीयाको किर्तिपुर कोल ४ मा तेल पेलने मानंधरहरुसंग लीने दस्तुर असुल तहसील गर्ने २ के १ को ८० साल आश्वीण सुदी १ आश्वीण गते रोज तक वर्ष १ को ठेक मोरु १०१ येक सये येक मा ठेक इजाराको कवुलीयेत लेषी दीञा दस्तुर उठाउदा सावीक दर सावीकमा चलेको तपसीलमा लेषीदीयाका दरले उठाइ आया वमोजीम मैले पनी उठाउला सो उठाउदा भैरवका जात्रालाइ साल १ को तेल पाथी ।१ दीनु पर्ने स्मेत दी काम चलाउला रकं उठाउदा सावीक दर सावीक भंदा वढता उठाउने छैन सावीक दर सावीक भंदा वढता लीयो भनी सो कोलमा काम गर्ने रैतीहरुले कराउन आयो र सावीत ठहरीयो भन्या अैन वमोजींम आफैले वुझाउला ठेक मोहर कीस्ता चुक्ती गरी वुझउला रकं चलेन नोक्सान पऱ्यो भनी कौनै कुराको उजुर गर्ने छैन भनी येक साला ठेक इजारको कवुलीयेत लेषी श्री अश्योवीनायेक गणेश गुठी मार्फत सुव्वा गणेशदास रत्नदासलाइ दीञा यो कवुलीयेत सुव्वा गणेशदास रत्नदासका तहवीलमा वसी लेषी दीयाको भयो येस वाटका साछी फत्केमा वसी सही छाप गर्ने मानीस भयो.................

तपसील

सावीक डर सावीक चलेको डरवंदी

कोलमा तेल पेलने मानंधर	
के वर्ष १ को जती पटक तेल पेले पनी घरै पीछे तेल कुर्वा	३क१
तेल २ पटक पेलेमा पीना चक्की	१
तेल नपेलने मानंधरहरुसंग वर्ष १ के नगद घर १ के मोरु	।२५
वें (?) वाला काम गर्ने मानंधर के वर्ष १ को घर १ के मोरु	।६

इति सम्वत् १९८० साल आश्वीण गते २१ रोज १ शुभम्.........

साछी वसी सही छाप गर्ने

दुर्गावाहादुर मानंधर	मरुढोका	१
लतनारान मानंधर	किर्तिपुर लचोटेल वारदामनंचा (?)	१
किर्तिवाहादुर ठापा	पाटं च्याउसीषेल	१
लेषक किर्तिनरसीं महर्जन	मरुटेल	१

किर्तिपुर कोलमा तेल पेलीने र घर गंती तीर्ने स्मेत ज्मा मानंधर घर ८०

कोलमा वरावर तेल पेलने मानंधर साल १ मा अंनाजी जवान २५/३० जना हुंछ येती जवान ले मात्र तेल पेलने ठेकाना छैन सो तेल पेलनेहरुसंग जवान १ के वर्ष १ को तेल कुर्वा ३क१

सो मानंधर जवान ८० मधे कोलमा तेल पेलने जवान जती कट्टा गरी वाकी जवानहरुसंग जावन १ के मोरु ।२५ का द्रले वर्ष १ मा लीने १

सो मानंधर जवान ८० मध्ये वें वाला जतीलाइ वर्ष १ को घर १ को मोरु ।६ का द्रले लीने १

सो लीने वाट वाग भैरवका जात्रामा श्री इन्द्रयेनीका स्थानमा वालनाके वर्ष १ मा तेल पाठी १ ले दीनु पर्छ.........

वाली पीना दीने सो तेल पेलने जवान संग तेल पेलने घट्टु (?) कट्ट (?) को पीना चक्की ३ ले वर्ष १ को पीना लीने गरी आयाको छ

परिशिष्ट २

सुवा गणेशदास रत्नदास मार्फत काठमाडौ श्री अश्योविनायक गणेश गुठी वाट

उप्रान्त श्री गणेशका गुठीमा दरीयाको कीर्तीपुरको कोल ४ मा काम गर्न्ये मानंधरके र अरु मानंधरकहरु स्मेत के पुर्जी उप्रान्त यो ८७ साल्को साविक वमोजीम उठाउन पर्न्ये नगदी जीन्सी दैदस्तुर स्मेत उठाउनालाइ कीर्तिपुर कोटुसाल वस्न्या पुर्णमान मानंधरलाइ पठायाको छ साविक दर साविक वमोजीम जो वुझाउन पर्न्ये नगद जीन्सी दैदस्तुर स्मेत नि जलाइ वुझाइ दीन्या काम गर...........

परिशिष्ट ३

श्री

भर्पाइ दादै किर्तिपर कोटुसाल टोल वस्न्या पुर्णमान मानंधर आगे किर्तिपुर कोल ४ मा ताल तुल गर्नाके तपाइ सुवा गणेशदास रत्नदासका तहवील मोहर १५ पंध्र रुपैञा वुझी लीञ्यू सो लीयाको रुपैञाको लागेको षर्चको फाट् डी यो भर्पाइ फीर्ता लीउला भनी भर्पाय लेषी तपाइ सुवा गणेशदास रत्नदासका तहवीलमा दीञ्यु
इति सम्वत १९८० साल चैत्र गते ३ रोज ७ शुभम्........

परिशिष्ट ४

श्री

सुव्वा गणेशदास रत्नदास मार्फट् काठमाडौ श्री अश्व विनायक गणेश गुठीवाट

उप्रांत श्री गणेशस्थान्मा वट्टी वालन्ये गुठीमा दरीयाको कीर्तिपुर कोल ४ मा काम् गर्न्ये मानंधरके र अरु मानंधरहरु स्मेत् के पुर्जी उप्रांत यो ८१ सालको साविक वमोजीम उठाउनु पर्न्ये नगदी जीन्सी दै दस्तुर स्मेत् उठाउनालाई कीर्तिपुर कोटु साल वस्न्या पुन कुमारी मानंधरनीलाई पठायाको छ सावीक् दर सावीक् वमोजीम् जो वुझाउनु पर्न्ये नगड् जीन्सी दैदस्तुर स्मेत् नीजलाई वुझाई दीन्या काम गर ईती सम्वत् १९८१ साल मीती आश्वीण गते १२ रोज ७ शुभम्.....

लिखतको वायाँतर्फ एउटा अंगुठा छाप लगाएपछि
'येस्को सकल कागत म कीर्तिपुर वस्न्या पुनकुमारी मानंधरनीले वुझी लीन्यू' लेखिएको लिखतको थालनीसँग जोडेर टाउकोमा दायाँतर्फ ***'दीनु पर्न्ये मर मामुली पनी नअड्काई दीने षषांना (?) असुल गरी डीडा सावीक् वमोजीम् धार्नी १ मा नघटइ डीन्ये लीन्ये'*** लेखिएको छ ।

परिशिष्ट ५

श्री

लिषितम् कीर्तिपुर कोटुसाल वस्न्या कुलंसीं मानंधरको नाती कुलमान् मानंधरको छोरी वर्ष ५० को पुनकुमारी मानंधरनि आग्ये काठमाडौ श्री अश्वविनायक गणेशस्थान्मा वट्टी वालन्ये गणेश गुठीमा डरीयाको किर्तीपुर कोल ४ मा तेल पेलन्ये स्मेत मानंधरहरु र अरु मानंधरहरुसंग असुल गर्न्ये नगड् जीन्सी दैदस्तुर स्मेत यो ८१ साल आश्वीण सुदी १ रोजदेषी ८२ साल आश्वीण वदी ३० तक वर्ष १ को ठीक्का मोरु १५१ यक सै यकाउन्न गनि कीस्ता गरी वुझाउन्ये र दस्तुर उठाउडा साविक दर सावीक तपसील्मा लेषीया वमोजीम् कौनै घटीवढी नपारी राजी गुलजार राषी उठाउला पिर पिराउ गरी वढी दस्तुर लगाइ उठाउन्ये छैन वढी रकं लगाइ पिर पिराउ गरी रैती कराई सावीत भो भन्ये जो वुझाउनु पर्न्ये गुनागार म आफैले वुझाउला दैदस्तुर रकं उठाउदा नुकसान् भो भनि कौनै वेहोरामा मीन्हा मागन्ये छैन भनि षुसीराजीले यक साल ठेक इजाराको कवुलीयत लेषी सुव्वा गणेशदास रत्नदास मार्फत श्री अश्वविनायक गणेश गुठीमा दीञ्यू यस वाटका साछी कीनारामा लेषीयाको सडर यो कवुलीयत सुव्वा गणेशदास रत्नदासको मरु टोलको तहविल घरमा वसी लेषीडीयाको हो सावीक वमोजीम भैरवलाइ डीनु पर्न्ये तेल कुर्वा १ पनि वुझाउछु.....

<u>तपसील</u>
<u>साविक डर सावीक चलेको डरवंडी</u>

कोलमा तेल पेलन्ये मानंधरके वर्ष १ को जती पतक तेल पेले पनि घरै पिछे तेल कुर्वा	३क१
तेल २ पटक पेलेमा धार्नि १ सम्मको पिना चक्की	१
तेल पेलन्ये मानंधरहरुसंग वर्ष १ को नगडी मोहरु	।२५
वें वाला काम् गर्न्ये वर्ष १ को घर १ को	।६

इती सम्वत १९८१ साल्मीती आश्वीण गते १२ रोज ७ शुभम्..........

साछी

रत्नवाहादुर मानंधर	क्वावालाह	१
लक्ष्मीवाहादुर श्रेष्ठ	नरदेवी	१
लेषक नंडीकेशर जोशी	मरुहीटी	१

परिशिष्ट ६

श्री

लीषीतम किर्तिपुरको हरीको नाती अकीलमानको छोरा हाल काठमाडौ अठकोनारान ठान वस्न्या श्रीमान मानंधर वर्ष ४२ को आगे काठमाडौ श्री अस्वो वीनायेक गणेशथानमा वट्टी वालने गणेश गुठीमा दरीयाको किर्तिपुर कोल ४ मा तेल पेलने स्मेत मनंधरहरु र अरु मानंधरहरु संग असुल गर्नु पर्न्ये नगड जीन्सी दैदस्तुर स्मेत यो ८२ साल आश्वीण सुदी १ रोज देषी ८५ साल आश्वीण वदी ३० रोज तक वर्ष ३ को ठेक साल १ को मोहरु ७५ सलामी मोहर रु १ ज्मा मोरु ७६ ले चाहीने वर्ष ३ को मोरु २२८ मधे यो ८२ सालको ठेक पट्टा उठायाका मीतीमा र ८३/८४ साल का आश्वीण मैन्हामा गनी महसुल गरी वुझाउने र दस्तुर उठाउडा सावीक डर सावीक तपसीलमा लेषीया वमोजीम् कौनै घटी वढी नपारी राजी गुलजार राषी उठाउला पीर पीराउ गरी वढी दस्तुर लगाइ उठाउन्या छैन वढी रकं लगाइ पीर पीराउ गरी रैती
कराइ सावीत भो भने जो वुझाउनु पर्ने गुनागार म आफैले वुझाउला दैदस्तुर रकं उठाउदा नोक्सान भो भने कौनै वेहोरामा मीन्हा मागने छैन भनी षुसी राजीले ३ त्रीसालाको ठेक इजाराको कवुलीयेत लेषी सुव्वा गणेशदास रत्नदास मार्फत श्री अश्ववीनायेक गणेश गुठीमा दीज्यू यस वाटका साछी कीनारामा लेषीयाको सदर यो कवुलीयेत सुव्वा गणेशदार रत्नदासको मरुटेलको तहवील घरमा वसी लेषीयाको हो सावीक वमोजीम् भैरवलाइ दीनु पर्ने तेल कुर्वा १क पनी वुझाउछु

तपसील

साविक डर सावीक चलेको डरवंडी

कोलमा तेल पेलन्ये मानंधरके वर्ष १ को जती पतक	
तेल पेले पनि घरै पिछे तेल कुर्वा	३क१
तेल २ पटक पेलेमा धार्नि १ सम्मको पिना चक्की	१
तेल पेलन्ये मानंधरहरुसंग वर्ष १ को नगडी मोरु	।२५
वें वाला काम् गर्न्ये वर्ष १ को घर १ को	।६

इती सम्वत १९८२ साल आश्वीण गते १४ रोज ३ शुभम्..........

साछी वसी सहीछाप गरने

पातन् ईलाका कीर्तिपुर पालीफल तोल वस्ने सनकमान् श्रेष्ठ लवत्	१
हिरामान मानंधर पाको पोषलड्यां	१
लेषक किर्तिनरसींह महरजन मरुटेल	१

परिशिष्ट ७

श्री

श्री सुव्वा गणेशदास रत्नदास मार्फत काठमाडौ श्री अश्ववीणायेक गणेश गुठीवाट

उप्रांत श्री गणेशका गुठीमा दरीयाको कीर्तिपुर कोल ४ मा काम गर्न्ये मानंधरके र अरु मानंधरहरु स्मेत् के पुर्जी उप्रांत यो ८५ साल आश्वीण सुदी १ रोज देषी ९० साल आश्वीण वदी ३० तक वर्ष ५ को साविक वमोजीम उठाउनु पर्न्ये नगत् जीन्सी दै दस्तुर स्मेत् उठाउनालाई कीर्तिपुर कोटुसाल वस्ने रत्नवीर हाकुचा मानंधर १ पुनमां मानंधर १ स्मेत् जना २ लाई पठायाको छ सावीक् दर सावीक् वमोजीम् जो वुझाउनु पर्न्ये नगत् जीन्सी दैदस्तुर स्मेत् नीजलाई वुझाई दीन्या काम गर ईती सम्वत् १९८५ साल आश्वीण गते २८ रोज ७ शुभम्.....

(लिखतको थालनीलाई छुने गरी माथिबाट वायाँतर्फ *'यो कागज्को सकल म रत्नवीर हाकुचा मानंधर कीर्तिपुरले वुझी ली सही छाप् गरी दीञ्यूँ'* लेखि छहिछाप गरिएको छ ।

परिशिष्ट ८

लीषीतम् धनीसींको नाती धीर्जवीरको छोरा पातं ईलाका कीर्तिपुर कोतुसाल वस्न्ये वर्ष ५४ को रत्नवीर हाकुचा मानंधर १ वीरचाको नाती सींधवीरको छोरा ऐ वस्न्या वर्ष ४३ को पुंन्मां मानंधर १ स्मेत जना २ आगे काठमाडौं श्री अश्वविनायक् गणेश स्थान्मा वट्टी वाल्ने गणेशका गुठीमा दरीयाको कीर्तिपुर कोल ४ मा तेल पेल्न्ये स्मेट् मानंधरहरु र अरु मानंधरहरुसंग असुल गर्ने नगट् जीन्सी दैदस्तुर स्मेट् यो ८५ साल् आश्वींण सुदी १ रोज देषी ९० साल् आश्वीण वदी ३० तक् वर्ष ५ को ठीक्का साल् १ को मोरु ५१। र सलामी मोरु १ स्मेट् ज्मा मोरु ५२। ले वर्ष ५ के चाहीने मोरु २६०। मध्ये यो ८५ साल्को ठेक पट्टा उठायाका मीतीमा र अरु वर्ष ४ लाई आश्वीण मैन्हामा नै गनी महसुल् गरी वुझाउने र दस्तुर उठाउदा सावीक दर सावीक् तपसील्मा लेषीया वमोजीं कौनै घटी वढी नपारी राजी गुल्जार राषी उठाउला पीर पीराउ गरी वढी दस्तुर लगाई उठाउने छैन वढी रकं लगाई पीर पीराउ गरी रैती कराई सावीत भो भन्ये जो वुझाउनु पर्ने गुनागार म आफैले वुझाउला दैदस्तुर रकं उठाउदा नुक्सान् भो भनि कौनै वेहोरामा मीन्हा मागने छैन सावीक् वमोजीम् भैवरको जात्रलाई दीनु पर्ने तेल् कुर्वा १ पनी मैले नै वुझाउछु भनी हामीहरुका मनमां षुसी राजीसंग ५ साल ठेका
ईजाराको कवुलीयेत् लेषी सुव्वा गणेशदास रत्नदास मार्फट् श्री अश्ववीनायेक् गणेश गुठीमा दीञ्यूं यस वाटका साछी कीनारामा लेषीयाको सदर यो कवुलीयत सुव्वा गणेशदास रत्नदासको मरु तोल् को तहवील घरमा वसी लेषी दीयाको हो...

<u>तपसील्</u>

<u>साविक दर सावीक चलेको दरवंडी</u>

कोल्मा तेल पेलने मानंधरके वर्ष १ को जती पतक् तेल पेले पनि घरै पीछे तेल कुर्वा		३क१
तेल् २ पटक् पेलेमा धार्नि १ सम्मको पिना चक्की		१
तेल पेलने मानंधरहरुसंग वर्ष १ को नगदी मोरु	।२५	
वें वाला काम् गर्ने वर्ष १ को घर १ को मोरु		।६

ईती सम्वट् १९८५ साल आश्वींण २८ गते रोज ७ शुभम्............

साछी

किर्तिनरसीं महरजन मरुटेल १
लेषक वेषानारां मानंधर दछेसाल चीलाछी १

(लिखतको थालनीदेखि माथि दायाँतर्फ *'सो लेषीया वमोजींको ठेक् सलामी जुं जुं साल्को हो उसै उसै साल्का आश्वी ण मैन्हा भरमा गनी महसुल् गरी चुक्ती वुझाउन सकेन र लेषीया वमोजीं काम् चलाउन सकेन भन्या सो ठेक हामी ह लाई तोरी अरुलाई पजनी गरनु हामीहरुको मंजुर छ कौनै कुराको उजुर गर्ने छैन गरे वदर गरी दीनु हामीहरुसंग वाकी ठे क् रुपैंया हामीहरुका घरषेट्वाट अैंवमोजीं गरी उपर गरी लीनु'* लेखिएको छ ।

लिखतका नमुनाहरू

लिखत नं. १

[illegible]

लिखत नं. २

[illegible]

लिखत नं. ३

[illegible]

भक्तपुरका ऐतिहासिक जात्राउत्सवहरू

- डा. कल्पना श्रेष्ठ

विषय प्रवेश

काठमाडौं उपत्यकाका प्रख्यात ऐतिहासिक नगर हरूको नामक्रममा भक्तपुर अग्रस्थानमा आउँछ । त्यतिमात्र होइन, यो सांस्कृतिक नगरको रूपमा पनि चर्चित छ । यहाँ असंख्य सांस्कृतिक सम्पदाहरू रहेका छन् । भौतिक अभौतिक दुबै सम्पदाहरूले सम्पन्न यस नगरमा हरेक बर्ष विभिन्न जात्राउत्सवहरू मनाइने परम्परा छ । वास्तवमा यो परम्परा नेवार समुदायको आफ्नो विशेषता हो । काठमाडौं उपत्यका लगायत यसको सेरोफेरोका ऐतिहासिक बस्तीहरूमा जात्राउत्सव मनाउने परम्परा नभएका बस्ती सायदै होलान् । यहाँका सबैजसो ऐतिहासिक बस्तीहरूका स्थानीय देवीदेवता तथा अन्य आस्थालाई केन्द्र बनाइ विभिन्न जात्राउत्सवहरू मनाइने प्रचलन छ । त्यसलाई स्थान विशेषअनुसार अलग अलग समयमा बर्षको एकपटक आ-आफ्नो तरिकाबाट मनाउँछन् । यस्तो परम्परा नेपाली सामाजिक इतिहासको एउटा महत्वपूर्ण पक्ष हो । सामाजिक इतिहासमा हामी सम्बन्धित समुदायको समाजमा प्रचलित सबै किसिमका रितिरिवाज, रहन-सहन, चालचलन, सामाजिक व्यवहार, चाडपर्व, जात्राउत्सव, संस्कार आदि सबैका बिषयमा अध्ययन गर्छौ । त्यसैको आधारमा त्यस समाजको सभ्यता, गतिशिलता र सम्पन्नताबारे जानकारी प्राप्त गरिन्छ । भक्तपुरमा विद्यमान जात्राउत्सवको परम्पराले स्थानीय नेवार समुदाय प्राचीनकालदेखि आफ्नो सभ्यता र संस्कृतिको विकास र विस्तारमा निकै लगनशिल रहँदै आएको पाइन्छ । यहाँ मनाइने प्रमुख जात्राहरूमा कुनै देवीदेवतासित र कुनै मृतआत्मासित सम्बन्धित छन् । विभिन्न उद्देश्यका साथ मनाइने भक्तपुरका प्रमुख जात्राउत्सवहरू निम्न प्रकार छन् ।

विस्केटजात्रा

भक्तपुरमा बर्षेनी मनाउने विभिन्न जात्राउत्सवहरूमा "विसका" अर्थात् "बिस्केट" सबभन्दा ठुलो र प्रख्यात जात्रा हो । विक्रम संवत्को आधारमा मनाइने यस जात्राका दुई अलग-अलग पक्षहरू छन् । ती मध्ये पहिलो, लिङ्गो उभ्याइ ध्वजा फहराउने र दोश्रो, भैरव तथा भद्रकालीको रथजात्रा हुन् । हरेक साल बर्षको अन्तिम दिन चैत्र मसान्तको साँझ एकजोडा कलात्मक लामो ध्वजा जडित लिङ्गोलाई डोरी लगाइ जनसमुदायले तानेर उभ्याउनु र त्यसको भोलीपल्ट नयाँ बर्षको पहिलो दिन बैशाख १ गते साँझ सो लिङ्गोलाई विधिपुर्वक ढाल्नु यस जात्राको प्रमुख विशेषता हुन् । लिङ्गो उभ्याउनु चार दिन अगाडि भैरवको मूर्तिलाई तीनतल्ले छानासहितको चारपाँग्रे भब्य रथमा विराज गराइ जनसमुदायले तानेर शहरको "थँने" (माथिल्लो टोलहरू) र "क्वँने" (तल्लो टोलहरू) मा आलोपालो गरी पुऱ्याइ उल्लासमय वातावरणमा रथजात्रा मनाइन्छ । अन्तमा सो रथलाई स्थानीय गाहिटी टोलमा पुऱ्याएपछि त्यस दिनको सांस्कृतिक उत्सव पुरा हुन्छ । सोही दिन भद्रकालीको मूर्तिलाई पनि दुईतल्ले छाना भएको अर्को सानो चारपाँग्रे रथमा आरोहण गराइ त्यसलाई पनि तानेर गाहिटी पुऱ्याउने परम्परा छ । ती रथको निमार्ण "गुह्यतन्त्र" को प्रतीक "श्रीजन्त्र" को आधारमा हुने विश्वास गरिन्दै आएको छ ।[१]

बिस्केटजात्राको महत्वपूर्ण दिन चैत्र मसान्त हो । सो दिन साँझ यस जात्रासम्बन्धी प्रमुख सांस्कृतिक उत्सव मनाउँछन् । लामो दुईवटा कलात्मक ध्वजा जडित लिङ्गोलाई विभिन्न धार्मिक तथा सांस्कृतिक विधि पुरा गरी डोरी लगाएर हर्षउल्लासका साथ उभ्याइन्छ । त्यसभन्दा अगाडि तीन दिनदेखि गाहिटी टोलमा पुऱ्याइ राखेको भैरव र भद्रकालीको रथहरूलाई तानेर लिङ्गो उभ्याउने ठाउँ (भेलुखेल टोल) मा पुऱ्याइन्छ । ती रथहरूको आगमन पश्चात्मात्र लिङ्गो उभ्याउने चलन छ । उल्लेखित रथहरू भेलुखेलमा पुऱ्याउनुको आशय भैरव र भद्रकालीलाई लिङ्गो उभ्याउने बिस्केटजात्रा अवलोकन गराउनु हो । भोलिपल्ट बैशाख सक्रान्तिको साँझ विधिपूर्वक सो लिङ्गो ढालिन्छ । त्यसपछि भैरव र भद्रकालीको रथलाई सोही

१. मेरी एम. एण्डरशन, दि फेस्टिभल अफ नेपाल, लण्डनः जर्ज आलिन एण्ड अनविन लि., सन् १९७१ पृ. ४४ ।

साँझ जनसमुदायले तानेर पुन: गाहिटी टोलमा फर्काउने परम्परा छ। भोलीपल्ट बैशाख २ गते ती रथहरूलाई गाहिटी टोलमै राखेर एकआपसमा जुधाउने र त्यसको लगत्तै भद्रकालीको रथलाई तानेर इच्छुटोलको चार दोबाटोमा पुर्‍याइन्छ । भैरवको रथ भने अर्को तीन दिनसम्म सोही स्थानमा रहन्छ । यस जात्राको अन्तिम दिन वैशाख ५ गते हो । त्यस दिन साँझ पनि भैरवको रथलाई जनसमुदायले गाहिटीबाट तानेर माथिल्लो र तल्लो टोलहरूमा पुर्‍याइ रथजात्रा मनाउने चलन छ । अन्तमा सो रथलाई भैरव मन्दिरको उत्तरतिरको झ्याल सामुन्ने पुर्‍याएर रोक्छन् । त्यसको लगत्तै भैरव प्रतिमालाई रथबाट निकालेर मन्दिरको द्वारमा लसकुस (स्वागत) विधि सम्पन्न गरी यथास्थान स्थापना गरिएपश्चात् त्यसबर्षको विस्केटजात्रा बिसर्जन हुन्छ ।

ध्वजा फहराएर बिस्केटजात्रा मनाइने प्रचलनमा भैरवको रथ तान्ने नौलो परम्परा भक्तपुरका मध्यकालीन राजा जगज्योर्तिमल्लले चलाएका हुन् ।[२] भद्रकालीको रथ भने लिङ्गो उभ्याउने परम्परासँगै विकास भएको मानिन्छ । यो जात्रा हेर्न स्थानीय तथा वरपरबाट आएका दर्शकहरूको ठुलो भीड लाग्दछ । यस जात्राको महत्वपूर्ण पक्ष एकजोडा लामो कलात्मक ध्वजासहित लिङ्गो उभ्याउनु हो । बिस्केटजात्राको नामसमेत सोही सांस्कृतिक कार्यबाट रहेको छ । यस सन्दर्भमा एउटा किंवदन्ती प्रचलित हुँदैआएको पाइन्छ । जसअनुसार नेवारभाषाको "बी", "सी" र "खात" शब्दहरूको योगबाट बनेको "बीसीखात" अर्थात् साँपलाई मारेर झुण्ड्याइयो भन्ने वाक्यमा अपभ्रंस भई बिस्केट भन्ने चलन चलेको भनाइ प्रचलित हुँदैआएको छ । तर त्यस किंवदन्तीमा सत्यता रहेको पाइँदैन । किनभने विस्केटजात्राको ऐतिहासिक नाम "विश्वजात्रा" हो । भक्तपुर टौमढी टोलस्थित यक्षमल्लको ने.सं. ६५१ (सन् १५३०) को अभिलेखमा सो नाम उल्लेख भएको छ ।[३] पछिल्ला विभिन्न ऐतिहासिक स्रोतहरूमा पनि यस जात्रालाई विश्वजात्रा नै भनिएको पाइन्छ।[४] सोही नाममा अपभ्रंश भएर अहिले "विसकाजात्रा" भन्ने चलन चलेको हो ।

यस जात्राको अर्को नाम बिस्केट हो । विस्केटजात्राको लिङ्गोमा फहराईने ध्वजालाई "विश्वकेतु" भनिन्छ । यसको उल्लेख सोही ध्वजामा हुँदैआएको छ । केतु भनेको ध्वजा हो । मध्यकालमा आएर "विश्वकेतु" लाई "विस्क्यात" भन्ने चलन चल्न थाल्यो । तत्कालीन विभिन्न ऐतिहासिक स्रोतहरूमा "विस्क्यात" सम्बोधन भएका छन् ।[५] समयको अन्तरालसँगै सो शब्दमा पनि अपभ्रंश हुँदै बिस्केट भन्न थालेको पाइन्छ । यसरी बिस्केट भन्ने परम्परा "विश्वकेतु" मा क्रमश: अपभ्रंश हुँदै विकास भएको देखिन्छ ।

बिस्केटजात्राको बेला लिङ्गोमा फहराइने गरेको दुईवटा ध्वजा नागनागिनीको प्रतीक होइनन् । त्यो त चन्द्रसूर्य अङ्कित नेपालको परम्परागत दुई त्रिकोणात्मक झण्डा हुन् । मध्यकालीन राजा यक्षमल्लले आफ्नो राज्यको सीमा निकै फैलाएका थिए। त्यस विजय अभियानलाई उनले विश्वको एउटा ठुलो विजय सम्झेको देखिन्छ । सोही उपलक्षमा आफ्नो राज्यको परम्परागत ध्वजामा विभिन्न देवीदेवता लगायत अष्टमङ्गलका चित्रहरूसमेत अङ्कित गर्न लगाइ विशेषप्रकारले सिङ्गारेर "विश्वध्वज" (विश्वकेतु) को रूपमा तत्कालीन राजधानी भक्तपुरमा लिङ्गो उभ्याइ सो ध्वजा फहराउने परम्परा विकास गरेको बुझिन्छ । त्यसलाई उनले "विश्वजात्रा" भन्ने नाम दिए ।[६] त्यसैबाट "बिस्केट" र "विसका" भन्ने परम्परा रहन गयो । तसर्थ बिस्केटजात्रा नागनागिनी मरेको सम्झनामा नभइ राज्यको झण्डा फहराएर विजय उत्सव मनाउने गरेको परम्परा हो भन्ने बुझिन्छ ।

यहाँ प्रचलित विभिन्न जात्राहरूमध्ये बिस्केट भक्तपुरको आफ्नो मौलिक जात्रा हो । हुनत सबैजसो बस्तीहरूमा प्रचलित जात्राउत्सवको आफ्नोपन हुन्छ । यद्यपि हिजोआज बिस्केटजात्रा भक्तपुरको स्थानीय जात्राको रूपमा मात्र देखिए तापनि त्यतिबेला विशाल नेपालको निर्माण गरी सोही उपलक्षमा राष्ट्रको झण्डा फहराएर विजय उत्सव मनाउन प्रारम्भ गरिएको हुँदा यो नेपालकै राष्ट्रिय उत्सव थियो । तर यक्षमल्लको मृत्युपछि विशाल नेपाल छिन्नभिन्न भई भक्तपुर एउटा सानो राज्यमा मात्र सिमित रहन गएकोले बिस्केटजात्रालाई पनि स्थानीय जात्राको रूपमा हेरिन थालियो । यद्यपि यो जात्रा भक्तपुर लगायत सांगा, खड्पु, धुलिखेल, ठिमी, बोडे, नगदेश, टोखा, बन्दीपुर आदि बस्तीहरूमा पनि मनाउने प्रचलन अद्यापि छ । यसले बिस्केटजात्राको ब्यापकतालाई पुष्टि गर्दछ ।

इन्द्रजात्रा

भक्तपुरमा मनाइने चर्चित जात्राहरूमध्ये इन्द्रजात्रा एउटा हो । यो जात्रा भाद्रशुक्ल द्वादशीबाट सुरु भई आश्विनकृष्ण चतुर्थीसम्म आठ दिन चल्दछ । यस जात्रामा स्वर्गका राजा इन्द्रसित सम्बन्धित घटनालाई प्रस्तुत गरी उत्सव मनाइन्छ । यस

---

२. डानियल राईट (सं.), हिष्ट्री अफ नेपाल, कलकत्ता: रञ्जन गुप्ता, १९६६ ई., पृ. १८० ।

३. डी.आर.रेग्मी, मेडिभल नेपाल, भाग तीन, सन् १९६६, पृ. ६६ अभिलेख परिशिष्ट।

४. सुर्यलाल खर्बुजा, "भक्तपुरको बिस्केट जात्रासंग सम्बन्धित एउटा अप्रकाशित थ्यासफु", पासुका, वर्ष ५ अङ्क २, वि.सं. २०५७, पृ. ३-९८ ।

५. क) डी.आर.रेग्मी, मेडिभल नेपाल, भाग चार, पटना: दि अथर, सन् १९६६, पृ. २१३ ।
   ख) रामजी तेवारी र अरू (सं.), अभिलेख संग्रह, भाग चार, काठमाडौं: संशोधन मण्डल, वि.सं. २०१६, पृ. ८ ।

६. गोपाल धौबन्जार, बिस्केटजात्रा : अष्टप्रदेश उत्सव, ललितपुर: जोशी रिसर्च इन्स्टिच्यूट, वि.सं. २०६५, पृ. ४१-४२ ।

सन्दर्भमा आफ्नै किसिमको किंवदन्ती प्रचलित हुँदैआएको छ । एकपटक स्वर्गका राजा इन्द्रलाई उनकी आमा बसुन्धराले आफ्नो पूजा सम्पन्न गर्न पारिजातको फूल ल्याउन अह्राएका थिए । स्वर्गमा त्यो फूल नपाइने हुँदा उनी मर्त्यलोकमा आएर खोज्न थाले । एउटा बगैँचामा त्यो फूल फुलिरहेको देखेर त्यसलाई टिप्न थाले । बगैँचाका मालिक, जो तान्त्रिकविद्यामा पनि निपुण थिए, उनले इन्द्रलाई चोर थानी पक्रेर रूखमा बाँधी राखे । त्यसपछि उनले इन्द्रलाई सजायको निमित्त राजा सामु उपस्थित गराए । राजाले इन्द्रलाई तुरुन्तै चिनि हाले । तर उनी त्यहाँ चोरको रूपमा उपस्थित थिए । त्यसकारण राजाले इन्द्रलाई हात बाँधेर शहर घुमाउने सजाए दिए ।[७] इन्द्रले मर्त्यलोकमा पारिजातको फूल टिप्न आएको दिन भाद्रशुक्ल द्वादशीको दिन थियो । सोही ऐतिहासिक घटनालाई स्मरण गराउन इन्द्रले हरेक साल आफ्ना अन्य सहयोगीहरूको साथ काठमाडौं उपत्यकामा जात्रा मनाउन आउने चलन चलाए । तर यहाँका मानिसहरूले इन्द्र तथा उनको साथमा आउने देवीदेवताहरूका सौन्दर्य र वैभवको ईर्ष्या गर्न थाले । त्यसकारण इन्द्रले आफु मर्त्यलोकमा नआउने जानकारी राजालाई लगाएर आफैले जात्रा संचालन गर्न अनुमति दिएको बताइन्छ ।[८] सोही घटनाको सम्फनामा हरेक साल "इन्द्रजात्रा" मनाउने परम्परा रहिआएको हो ।

यो परम्परा ऐतिहासिककालदेखि चल्दै आएको छ । हुनत प्राचीनकालमा यस परम्पराबारे स्पष्ट जानकारी दिने आधार हामीसित छैन । तर इन्द्रलाई बिशेष पूजा गर्ने चलन भने थियो । लिच्छविकालमा इन्द्र पुजनको निमित्त छुट्टै गोष्ठीको व्यवस्था गरिएको थियो । त्यसलाई "इन्द्रगोष्ठी" भनिन्थ्यो ।[९] हुनत यो गोष्ठी इन्द्रजात्रासित सम्बन्धित छ कि छैन यकिन साथ भन्न सक्ने अवस्था छैन । यद्यपि पूर्वमध्यकालमा इन्द्रजात्रा मनाउने परम्परा रहेको वास्तविकता तत्कालीन ऐतिहासिक स्रोतबाट थाहा हुन्छ । गोपालराजवंशावलीमा ने.सं. ४९९ (सन् १३७८) मा एन्देयात (इन्द्रजात्रा) मनाइएको घटना वर्णन गरिएको छ ।[१०] एवंप्रकार भक्तपुर टौमढीटेलको ने.सं. ५६१ (सन् १४४०) को अभिलेखमा पनि इन्द्रजात्राबारे उल्लेख भएको छ ।[११] यी ऐतिहासिक वर्णनहरूबाट यो जात्रा काठमाडौं उपत्यकामा धेरै पहिलेदेखि चल्दै आएको थाहा हुन्छ ।

माथि उल्लेखित किंवदन्तीअनुसार भक्तपुरमा इन्द्रलाई फूल चोरेको आरोपमा हात बाँधेर शहर घुमाएको घटनालाई प्रतिविम्बित गर्न "यमद्यः" गाड्ने प्रचलन छ । हरेक साल भाद्रशुक्ल द्वादशीको दिन बिहान भक्तपुरका सबैजसो टोलहरूमा "यमद्यः" गाडिन्छ । "यमद्यः" को स्वरूप सानो लिङ्गो जस्तै हुन्छ । लिङ्गोको माथिल्लो भाग अलिकति बाँकी राखी त्यसको दायाँवायाँ दुईवटै हात पसारेको जस्तो देखिने गरी काठ जोडिएको र बाँकी रहेको माथिल्लो भाग टाउको रूपमा सजाइ त्यहाँ इन्द्रको मुकुण्डो लगाइन्छ । त्यसकारण "यमद्यः" लाई इन्द्रको प्रतीक मानिन्छ ।[१२] यसलाई गाड्ने जिम्मा स्थानीय टोलका विभिन्न परिवारहरूलाई दिइराखेको छ । तिनीहरूले सो दिन विहान परम्परादेखि "यमद्यः" गाड्ने गर्दैआएको स्थानमा सामान्य पूजा सम्पन्न गरी स्थानीय टोलवासीको सहयोगमा त्यसलाई गाड्छन् । त्यसपछि इन्द्रजात्रा प्रारम्भ हुन्छ । त्यसको चौथो दिन भाद्रशुक्ल पूर्णिमाको दिन विहान सबै टोलका "यमद्य" अगाडि गुभाजु (वज्राचार्य) बाट होम गराउने परम्परा छ ।[१३] त्यस दिनलाई "यन्द्यापुन्ही" भनिन्छ ।

यस जात्रासम्बन्धी महत्वपूर्ण सांस्कृतिक कार्य आश्विनकृष्ण द्वितीयादेखि चतुर्थीसम्म तीन दिन चल्दछ । त्यसमध्ये द्वितीयाको साँझ तचपाल टोलबाट स्थानीय सँलगणेशलाई सानो खटमा राखी "यमद्य" गाडेका सबै ठाउँमा पुग्ने गरी नगर परिक्रमा गराउँछन् । त्यसलाई बाटो देखाउन संगै "याँमता" (बिशेषप्रकारको दीयो) बालेर लैजाने चलन छ । त्यसको एकछिन पछि "मूपात्रगण" (बीचमा मूपात्र र दायाँवायाँ दुईजना सहयोगीको रूपमा धीचा रहेको समूह) पनि निस्किन्छन् । ती सबै इन्द्रको खोजि गरी तिनलाई छुटाउनको निमित्त नगर परिक्रमामा गएका हुन् । एवंप्रकार तृतीया र चतुर्थीको साँझ क्रमशः चोछेँ टोलको छुँमागणेश र टौमढीटोलको भैरवलाई नगर परिक्रमा गराउने दिनहरू हुन् । छुँमागणेशलाई परिक्रमा गराउनु अघि त्यसलाई सुरुमा भक्तपुर दरवार प्राङ्गणको स्वर्णद्वार नजिकै पुऱ्याइने परम्परा छ । त्यहीँबाट नगर परिक्रमा गर्न प्रस्थान आरम्भ गर्छन् । जुन देवता जुन स्थानबाट प्रस्थान आरम्भ गर्ने हो "याँमता" र "मूपात्रगण" पनि सोही स्थानबाट निस्किन्छ । "मूपात्रगण" मध्ये "मूपात्र" ले खड्ग र उनका सहयोगीहरू दुई

---

७. रवि चालिसे, हाम्रा चाडपर्व, काठमाडौं: श्री ५ को सरकार, सूचना विभाग, वि.सं. २०३९, पृ. ५३-५४ ।

८. सत्यमोहन जोशी, नेपाली चाडपर्व, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३९, पृ. ३० ।

९. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौं: त्रि. वि, ने. ए. अ. केन्द्र, वि.सं. २०५३, पृ. २८३ र २८७ ।

१० धनवज्र वज्राचार्य, र कमलप्रकाश मल्ल, गोपालराज वंशावली, काठमाडौं: नेपाल रिसर्च सेन्टर, सन् १९८५, पृ. ८५.।

११. रेग्मी, पुर्ववत, पादटिप्पणी संख्या ३, पृ. ६६ अभिलेख परिशिष्ट ।

१२. ऐजन, पृ., पृ. ११ ।

१३. क) श्री कृष्णगोपाल वाईजु, बर्ष ६७, भक्तपुर नगरपालिका वडा नं. १४ तेखाचो टेल, देगमना ।
ख) श्री कृष्ण माक, बर्ष ७५, भक्तपुर नगरपालिका वडा नं. ८ तिबुक्छें टेल चासुखेल ।
ग) श्री नारायणप्रसाद फाकं, बर्ष ६०, भक्तपुर नगरपालिका वडा नं. १३ खौमा टेल ।

धिच्चाले घण्टा समाएका हुन्छन् । नगर परिक्रमा गर्दा तिनीहरूले घण्टा बजाउँदै आफ्नो आगमनको संकेत दिँदै जान्छन् । "मूपात्र" ले टोलटोलमा गाडिएका प्रत्येक "यमद्यः" लाई परिक्रमा गरी आफ्नो खड्गले साङ्केतिक रूपमा प्रहार गरी इन्द्रलाई बन्धन मुक्त गर्ने प्रयास गरेको भाव देखाउँछ । आश्विनकृष्ण द्धितीयादेखि चतुर्थीसम्म तीनै दिन देवताको खट, "याँमता" तथा "मूपात्रगण" नगर परिक्रमा पुरा गरी आफ्नो पूर्वस्थानमा फर्केर आएपछि त्यस दिनको सांस्कृतिक कार्य समापन हुन्छ । यद्यपि आश्विनकृष्ण चतुर्थीको दिन भैरव, "याँमता" तथा "मूपात्रगण" बाहेक "पुलुकिसी" पनि निकाल्ने प्रचलन छ । मान्द्रोबाट बिशेषप्रकारले तयार पारी हात्तीको चित्र कुँदिएको "पुलुकिसी" इन्द्रका बाहन ऐरावतको प्रतीक हुन् । त्यसलाई स्थानीय लाकुलाछेँ टोलबाट तयार पारी टौमढी टोलमा ल्याई भैरव मन्दिर प्राङ्गणमा तीन पटक परिक्रमा गराएर भैरव र "याँमता" संगै नगर परिक्रमाको लागि निस्किन्छन् ।[१४] भैरव, "याँमता" तथा "पुलुकिसी" क्रमशः एकपछि अर्कोगरी निस्किएपछि करिव १०/१५ मिनेट पछि "मूपात्रगण" निस्किन्छन् । "पुलुकिसी" लाई मनोरञ्जनात्मक ढङ्गबाट नचाउँदै टोल टोलमा ओहर दोहर गराउने चलन छ । इन्द्रले आफ्नो सजाय भुक्तान गरी स्वर्ग फर्किने खुशियालीमा "पुलुकिसी" (ऐरावत हाती) लाई नचाउँदै नगर परिक्रमा गराएको थाहा हुन्छ । अन्तमा सबै टौमढी टोल फर्के पछि त्यस बर्षको इन्द्रजात्रा समापन हुन्छ । प्रचलित किंवदन्ती तथा "यमाद्यः" गाड्ने परम्पराबाट समाजमा असामाजिक व्यवहार गर्ने जो कोही सजायका भागिदार हुन्छ भन्ने सन्देश दिन खोजेको देखिन्छ ।

पायाः (खड्गजात्रा)

भक्तपुरको मध्यकालीन दरवारबाट संचालन हुने "पायाः" यहाँको अर्को प्रख्यात जात्रा हो । यो जात्रा बडादशैँ चाँडसित सम्बन्धित छ । प्रत्येकबर्ष आश्विनशुक्ल दशमी (बडादशैँ) को राती मनाइने यो जात्रा मूलरूपले खड्गसित सम्बन्धित छ । जात्राको नाम "पायाः" रहनुले पनि यस कुराको पुष्टि हुन्छ । नेवारभाषाबाट उत्थान भएको "पा" शब्दले मार हान्ने (काट्ने) र "याः" ले यात्रा अर्थात् जात्रा भन्ने जनाउँछ । यसरी "पायाः" ले काट्ने (मार हान्ने) हतियारसम्बन्धी जात्रा भन्ने बुझिन्छ ।[१५] खड्गलाई विशेष महत्व दिई त्यसैको जात्रा मनाउने हुनाले यस उत्सवको नाम "पायाः" रहेको छ । त्यसको खास तात्पर्य खड्गजात्रा हो । काठमाडौं उपत्यकाका प्रत्येक ऐतिहासिक बस्तीहरूमा यो जात्रा मनाउने चलन छ । यद्यपि भक्तपुरमा मनाइने यस जात्रालाई "तलेजु पायाः" भनिन्छ । यो जात्रा स्थानीय तलेजु मन्दिरबाट संचालन हुने र जात्रामा तलेजुको प्रभावकारी भूमिका रहेको हुँदा यसलाई "तलेजु पायाः:" भन्ने गरिएको थाहा हुन्छ । यद्यपि खड्ग र खड्गधारीहरूको भूमिका पनि त्यतिकै महत्वपूर्ण छ ।

दशैंपर्वसित सम्बन्धित "पायाः" (खड्गजात्रा) बडादशैंको राती मनाइने उत्सव हो । यद्यपि यसको प्रारम्भिक कार्य महाअष्टमीको दिनदेखि नै सुरु हुन्छ । सो दिन तलेजु भवानीलाई राजकीय खड्गसहित सांस्कृतिकविधि पुरा गरी मूलचोकको आगमकोठाबाट तल दशैंघरमा ल्याइन्छ । त्यहाँ तान्त्रिकविधिद्वारा तलेजु भवानीको विशेषपूजा तथा अन्य देवदेवीको प्रतीक खड्ग, बौःपा, कुभिण्डो, ढाल, थापीँ आदि वस्तुहरू राखी थापंपूजा गर्ने चलन छ । बडादशैंको दिन शुभसाइतमा दशैंघरमा तलेजु भवानीको विशेषपूजा गरी घटस्थापनाको कलश विसर्जन गरेर फूल, प्रसाद तथा अभिषेक लिई पूजा विसर्जन गर्छन् । सोही दिनको राती खड्गजात्रा प्रारम्भ गर्नको निमित्त तलेजुका आचार्य (कर्माचार्य) ले सो जात्रामा सहभागी हुने सम्बन्धित सबैलाई बलिपात्र, तलेजु प्रतिमा, ऐतिहासिक राजा नान्यदेवको खड्ग लगायत अन्य देवदेवीका प्रतीक प्रतिस्था गरिएका खड्गहरू हस्तान्तरण गरी दरवार परिसरमा स्वर्णद्वारको वायाँतिर लामबद्ध भएर बस्छन् । सोही स्थानमा खड्गजात्राको निमित्त प्रस्थान गर्नु अघि तलेजु भवानीबाट भक्तपुरको प्रख्यात नवदुर्गागणलाई पालैपालो मन्त्रसिद्धि प्रदान गर्ने परम्परा छ ।[१६] मन्त्रसिद्धिको धार्मिक तथा सांस्कृतिक कार्य पूरा नभएसम्म त्यस गणका देवदेवीहरूलाई देवत्व प्राप्त हुँदैन भन्ने मान्यता चली आएको छ । सो सांस्कृतिक कार्य पुरा गरी तलेजु भवानी, नवदुर्गागण, तलेजुको वाहन (घोडा) तथा विभिन्न देवदेवी तथा राजाको खड्ग धारण गरेका खड्गधारीहरू सवै बाजागाजासाथ नगर परिक्रमा गरी खड्गजात्रा मनाउँछन् । जात्राको यो परम्परा मध्यकालमा पनि प्रचलित थियो । भक्तपुर दरवारको मूलचोकबाट पायाः संचालन हुंदा तत्कालीन मल्ल शासकहरूसमेत सहभागी हुने गरेको कुरा थ्यासफुमा उल्लेख गरिएको छ ।[१७] खड्गजात्रामा सहभागी सबै नगर परिक्रमा पुरा गरी स्थानीय टौमढी टोलको "सभुंगा" स्थानमा आई पुगेर नवदुर्गागण छुट्टिएर आफ्नो मन्दिरतिर प्रस्थान गर्छन् । अरू सहभागीहरू सबै तलेजु मन्दिरमा नै फर्किन्छन् । तिनीहरूलाई स्वर्णद्वारमा विधिपुर्वक अभिषेक दिई

---

१४. श्री आशाबहादुर छुँकाँ वर्ष ८७ भक्तपुर नगरपालिका वडा नं. १२ लाकुलाछेँ टोल, भैल नायः ।

१५. कल्पना श्रेष्ठ, "काठमाडौंमा मनाइने पायाः र त्यसको ऐतिहासिक महत्व", प्राचीन नेपाल, संख्या १३५, काठमाडौं: श्री ५ को सरकार, पुरातत्व विभाग, वि.सं. २०५०, पृ. ४ ।

१६. कल्पना श्रेष्ठ, नेवार समाजमा प्रचलित खड्गसिद्धि, काठमाडौं: नारायणबहादुर श्रेष्ठ र जानकीदेवी श्रेष्ठ, वि.सं.२०६५, पृ. ४१ र ४२ ।

१७. हस्तलिखितग्रन्थ, राष्ट्रिय अभिलेखालयमा रहेको माईक्रोफिल्म नं. बी ५१५।२८, फो.सं. १ देखि ६ ।

भित्र्याउने चलन छ । यसप्रकार संचालन हुने पाया: जात्राको सांस्कृतिक कार्यहरूलाई दर्शकहरू बडो उत्साहका साथ सहभागी भएर हेर्न रुचाउँछन् । खड्गजात्राको परम्परालाई बडादशैँको दिन दुर्गाभवानीले महिषासुर लगायत दैत्यगणलाई नाश गरी विजयप्राप्त गरेको पौराणिक कथालाई व्यवहारमा उतार्ने उद्देश्यले प्रस्तुत गर्दै आएको देखिन्छ । यस जात्रामा अष्टमातृका, नवदुर्गा लगायत शाक्तदेवीहरूको बिशेषपूजा गरी देवदेवी न्यास गरेका व्यक्तिहरू खड्ग धारण गरी युद्धमा सरिक भएको अभिनय गर्दै जात्रामा सरिक हुन्छन् । विजय सबैको लागि अभीष्ट बिषय हो । तर यो शक्ति र ज्ञानमा निर्भर रहन्छ । त्यसैले शक्तिको आरधना गरी विजय प्राप्त गर्ने उद्देश्यले प्राचीनकालदेखि यो जात्रा मनाउँदै आइरहेको पाइन्छ । भक्तपुर लगायत कान्तिपुर तथा ललितपुरका दरवारहरूबाट पनि खड्गजात्रा संचालन गर्ने प्रचलन रहिआएको छ । तर त्यहाँको सो जात्रामा नवदुर्गालाई मन्त्रसिद्धि दिने, नवदुर्गागण प्रस्तुत हुने, घोडा साथमा लाने जस्ता कार्यहरू भएको पाइँदैन । त्यसकारण भक्तपुरको यो तलेजु पाया: बिशेष महत्व राख्ने जात्रा हो ।

खड्गजात्रा शक्ति साधना गरी सिद्धिप्राप्त गर्ने अभिप्रायले मनाइने भए तापनि यस परम्पराले तत्कालीन राज्यका प्रत्येक पुरुषलाई सैनिक शिक्षा प्रदान गर्ने उद्देश्य राखिएको देखिन्छ । खड्गजात्रा मनाउने प्रचलन दरवारमा मात्र सिमित छैन । उपत्यकाका प्रत्येक टेलमा यसरी जात्रा मनाउने परम्परा छ । तिनीहरूमध्ये अधिकांश ठाउँमा खड्ग तथा ढाल लगायत युद्धका अन्य सामग्रीहरू धारण गरी युद्ध हुँदैगरेको हाउभाउमा जात्रा संचालन गरेका हुन्छन् । त्यसबाहेक प्रत्येक घरमा बडादशैको दिन परिवारजनका पुरुषहरूले ढालसहित खड्ग धारण गरी कुभिण्डोमा मार हान्ने प्रचलन छ । नेपालमा मात्र नभई सो दिन भारतमा समेत युद्धको अभ्यास गराउने परम्परा रहिआएको छ ।[१८] यसबाट पाया:को मुख्य उद्देश्य तत्कालीन नेपालमण्डलका सबै पुरुष वर्गलाई युद्धसम्बन्धी ज्ञान प्रदान गर्ने रहेको बुझिन्छ ।

सापारु (गाईजात्रा)

"सापारु" बिशेष प्रकारको जात्रा हो । यो कुनै देवीदेवतासित सम्बन्धित नभई पितृ लक्षित जात्रा हो । हरेकबर्ष भाद्रकृष्णपक्ष प्रतिपदाको दिन मनाइने यो जात्राको नाम नेवारभाषाबाट उत्थान भएको छ । सो भाषाका दुईवटा शब्दहरू क्रमश: "सा" र "पारु" मिलेर "सापारु" बनेको छ । त्यस भाषामा "सा" भन्नाले गाई र "पारु" भन्नाले प्रतिपदा तिथिलाई जनाउँछ । भाद्रकृष्णपक्ष प्रतिपदाको दिन गाईको जात्रा मनाउने हुँदा यसलाई "सापारु" भनिएको हो । यो जात्राको प्रचलन मध्यकालदेखि हुँदैआएको हो । त्यतिबेला यस जात्रालाई "सायात" भनिन्थ्यो । गोपाल राजवंशावलीमा यसको उल्लेख भएको छ ।[१९] उल्लेखित नामको "सा" ले गाईलाई जनाउने कुरा माथि उल्लेख भइसकेको छ । त्यस्तैगरी "या" ले यात्रालाई र "त" ले व्यक्ति बिशेष भन्ने बुझाउँछ । तसर्थ "सायात" भनेको गाईजात्रा हो । यो जात्रा ने.सं. ७८५ (सन् १६६४) र ने.सं. ८५८ (सन् १७३७) का बर्षहरूमा पनि मनाएका घटनाहरू थ्यासफुमा टिपोट गरिएको छ ।[२०] यसबाट गाईजात्राको ऐतिहासिकता थाहा पाउन मद्दत मिल्दछ ।

गाईजात्रा मनाउने प्रचलन काठमाडौं उपत्यकाका प्रमुख तीन शहरहरू कान्तिपुर, ललितपुर र भक्तपुरबाहेक उपत्यका र उपत्यका बाहिरका अन्य नेवार बस्तीहरूमा पनि रहिआएको छ । यस जात्रामा बर्षदिन भरी मृत्यु भएका मृतकको नाममा तिनका घर परिवारबाट गाई अथवा मानिसलाई नै गाईको प्रतीक बनाइ शहरको परिधिभित्र घुमाउने परम्परा छ । तर भक्तपुरमा मनाइने गाईजात्राको स्वरूप उपत्यकाका अन्य स्थानहरूको भन्दा बेगलै किसिमको छ । हुनत यहाँ पनि मृतकको नाममा गाई नै पठाउने हो तर त्यसलाई फरक स्वरूपमा पठाउने चलन छ । कुनै घरबाट मृतकको नाममा गाईलाई नै घुमाइन्छ भने कसैले माटोको गाई बनाइ खटमा राखेर नगर परिक्रमा गराउँछन् । एवंप्रकार बालकालिकालाई गाई बनाइ बिशेषप्रकारले सृङ्गारपट्टार गरी पठाइने चलन पनि रहिआएको पाइन्छ । तर अधिकांशले "ताहा:साँ" पठाउने गरेका छन् । चारैतिर अग्लो बाँसलाई जोडी कपडाले बेरेर तयार पारेको खटमा परालबाट बनाइएको दुईवटा सिङ्ग सिउराएर चित्रकारले कागजको पन्नामा कोरेको गाईको चित्रसमेत टाँसी छाता ओढाइ विशेष प्रकारले सजाएर पठाउने खटलाई "ताहा:साँ" भनिन्छ । नेपालभाषाको त्यो शब्दले लामो आकारको गाई भन्ने अर्थ बुझाउँछ । त्यसलाई मानिसहरूले चारैतिर बोकी बाजा समूहसँगै लैजान्छन् । साथै त्यसको अगाडि विचित्रको भेषभुषा लगाएका "घिन्ताँघिसी" (बिशेष प्रकारको हास्यव्यङ्ग) नाच तथा बाजा समूहलाई अगाडि लगाएर निम्न उल्लेखित स्थान र मार्ग हुँदै भक्तपुर नगरपरिक्रमा गराइने परम्परा रहिआएको छ ।[२१]

लायकु (दरवार स्क्वायर) - वालाखु गणेशस्थान - तुलाछैं - चोछैं - भोलाछैं - गछैं -

१८. एलान आर. वील्स, इण्डियाज् भिलेज, बम्बई: एशिया पब्लिसिङ्ग हाउस, सन् १९६०, पृ. १५५ ।

१९. वज्राचार्य र मल्ल, पुर्ववत, पादटिप्पणी संख्या १०, पत्र संख्या ६१ (ख) ।

२०.रेग्मी, पुर्ववत, पादटिप्पणी संख्या ३, पृ. १०५ र १२० थ्यासफु परिशिष्ठ ।

२१. गोपाल धौबन्जार, काठमाडौं उपत्यकाका बस्तीहरू, काठमाडौं: श्रीमती कल्पना श्रेष्ठ, वि.सं. २०६८, पृ. २०० ।

सुजमधी - दत्तात्रेय मन्दिर परिसर - इनाचो - गोलमढी - सुकुलढोका - तिबुक्छें -

टौमढी - तालाको - नासमना - वंशगोपाल - भार्वाचो - इताछें - खौमा हुँदै

पुनः लायकु पुऱ्याइने चलन छ ।

मृतकको "ताहा:साँ" जुन स्थानबाट प्रस्थान आरम्भ गरिए तापनि उल्लेखित मार्ग पुरा गरी अन्तमा प्रस्थान आरम्भ गरेकै स्थानमा फर्केर यात्रा पुरा गर्छन् । यद्यपि सबैले आफ्नो गाईलाई दरवार परिसरमा पुऱ्याएकै हुन्छन् ।

यस जात्रालाई मध्यकालीन राजा जयस्थिति मल्लका बालक राजकुमारको शीतला रोगबाट असामयिक मृत्यु भएको घटनासित सम्बन्ध देखाएको पाइन्छ । राजकुमारको मृत्युले रानी पुत्रशोकबाट विरामी परिन् । त्यस्तो अबस्थामा रानीलाई सान्तोना दिन राजाले मन्त्रीको सल्लाहअनुसार राजधानी शहरमा त्यसबर्ष मृत्यु भएका सबैको घरबाट गाईको भेषमा निकाली त्यसको संगै ख्याल: तथा हास्यव्यङ्गसहित दरवार हुँदै शहर घुमाउने आदेश जारी गरेको हुंदा सोहीअनुसार जनसमुदायले गाईजात्रा निकालेका थिए । त्यसलाई हेरी रानीले आफ्नो छोराको मात्र नभई जनताका धेरै छोराछोरीको पनि मृत्यु भएको रहेछ भनी मनलाई शान्त पारिन् । त्यसवेलादेखि प्रत्येकबर्ष गाईजात्रा मनाउने परम्परा थालनी भयो भन्ने किंबदन्ती छ ।[२२] वंशावली तथा थ्यासफुमा उल्लेखित सायात (गाईजात्रा) शब्दले यस जात्राको प्राचीनतालाई प्रकाश पार्दछ । यस जात्रालाई धार्मिक रङ्ग दिएको पनि पाइन्छ । प्रत्येक मृतकको आत्माले पातालको वैत्तरणी नदी पार गरी सकेपछि मात्र परलोक पुगिन्छ भन्ने मान्यता छ । कुनै मृत्तकको आत्माले सो नदी पार गर्न नसकी अलपत्र परेको भए गाईको पुच्छर समाएर गएमा सजिलैसित पार गर्न सकिन्छ भन्ने धारणा समाजमा प्रचलित हुँदैआएको छ । सोही धारणाबाट प्रेरितभई मृतकको नाममा "सापारु"को दिन गाईलाई नगर घुमाउने परम्परा विकास भएको देखिन्छ । गाईजात्राको प्रचलन कान्तिपुर, ललितपुर तथा देवपाटनमा पनि रहिआएको छ । तर त्यहाँ गाईको प्रतीकात्मक खट तथा "घिन्ताँघिसी" नाच पठाउने चलन पाइँदैन । बालबालिकालाई नै सिङ्ग तथा गाईको अनुहार छापेको कागज लगाई सृङ्गार गरेर शहर घुमाउँछन् । त्यसकारण भक्तपुरको गाईजात्रा अन्यत्रको भन्दा बिशेषप्रकारको छ । वास्तवमा गाईजात्राको परम्परा अन्य कुराहरूमा भन्दा तत्कालीन समय ब्यक्ति विशेष मृत्यु भएको जानकारी नगरवासी सबैलाई गराउने र शोकसन्तप्त परिवारलाई हास्यव्यङ्गको माध्यमद्वारा सान्त्वना प्रदान गर्ने उद्देश्य रहेको देखिन्छ । तर मानिसहरूले हिजोआज गाईजात्राको नाममा ऐतिहासिक र परम्परागत मर्मभन्दा फरक किसिमले केवल कमाइ खाने भाडो मात्र बनाउन थालेका छन् । वास्तवमा यस्तो परम्परा नेवार संस्कृतिमाथिको हस्तक्षेप हो ।

नवदुर्गागण नाच

भक्तपुरको अर्को प्रसिद्ध जात्रा नवदुर्गागणको नाच हो । यस गणलाई मानिसहरूले धेरै पहिलेदेखि ठूलो आस्था र श्रद्धा राख्दै आएका छन् । यस गणलाई तिथीअनुसार निर्धारित दिनहरूमा भक्तपुर नगरका सबै टोलका २१ वटा स्थान तथा नगर बाहिर देउपाटन, ठिमी, नगदेश, बोडे, टोखा, गोकर्ण, सांखु, चाँगु, साँगा, नाला, धुलिखेल, बनेपा, खड्पु, पनौती आदि ठाउँमा लगी नाच नचाउने चलन छ ।[२३] यसको प्रारम्भ प्रत्येकवर्ष माघे सक्रान्तिदेखि हुन्छ । पुर्व निर्धारित तिथि तथा दिनअनुसार नवदुर्गागणलाई भक्तपुरका प्रत्येक टोल तथा माथि उल्लेखित स्थानहरूमा लगी दुई दिनको सांस्कृतिक कार्य तथा पूजाविधि पुरा गरी पुनः फर्काइन्छ । सम्बन्धित सबै टोलबासीले आ-आफ्नो पालो परेको तिथि र दिनमा नवदुर्गागणलाई मन्दिरमा गई आमन्त्रण गरी राती संगै ल्याउँछन् । नवदुर्गागणको अग्रपंक्तिमा रहने देवतालाई सिफोद्य: भनिन्छ । अन्य देवीदेवताहरू क्रमशः भैरव, महाकाली, बाराही, ब्रह्मायणी, माहेश्वरी, कुमारी, वैष्णवी, इन्द्रायणी, गणेश, महादेव, श्वेत भैरव लगायत सिम्ब (सिंहनी) र दुम्ब (ब्याघ्रिनी) हुन् ।[२४] साथै यसमा विभिन्न बाजा समूहहरू पनि सम्मिलित छन् । सो नवदुर्गागण आ-आफ्नो टोल वा स्थानमा आगमन भएको लगत्तै गणका सबै सदस्यहरू त्यस टोलको महत्वपूर्ण स्थानहरूमा गई स्थानीय भक्तजनहरूको प्रत्येक घरबाट पूजा ग्रहण गर्ने चलन छ । त्यसक्रममा श्रद्वालुहरूले आफ्नो इच्छाअनुसार बिशेषपूजा चढाउन लानुका साथै "मुबाहाँ" (सुंगूर बलि) दिने परम्परा छ । त्यो बलिलाई गणका भैरवले विना हतियार हातको नङ्ग्राले सुंगूरको अघिल्लो खुट्टाको कुईनाको छाला पुरै उखेली मुटु झिकेर बलि ग्रहण गर्छन् । बलि ग्रहण गरेको सोही हातले लगतै दही च्युरा मुछी अन्य देवीदेवतालाई चढाउनुका साथै भक्तजनहरूलाई पनि वितरण गरिन्छ । मानिसहरू त्यसलाई भगवानको प्रसाद सम्झेर सेवन गर्ने परम्परागत मान्यता छ । सुंगूर फोहर खाने र फोहरी पशु भएको हुंदा त्यसलाई द्विजले अरु बेला छुनु हुँदैन भन्ने मान्यता रहिआएको छ । तर शक्तिको प्रतीक नवदुर्गालाई बलि चढाएको सुंगूरको आलो रगत भएको हातले मुछेको दही च्युरा

---

२२. सत्यमोहन जोशी, नेपाली चाडपर्व, काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३९, पृ. १०० ।

२३. पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुरको नवदुर्गा गण, भक्तपुरः बबिता श्रेष्ठ, वि.सं. २०६०, पृ. ७१-७३ ।

२४. ऐजन, पृ. ४० ।

भने भक्तजनहरू भगवानको प्रसाद सम्झेर ग्रहण गर्छन् । यसलाई दैवीशक्तिको अगाडि छुट-अछुटको भावना केही रहँदैन भन्ने भाव प्रकट गर्न यस्तो परम्परा विकास गरिएको मानिन्छ ।[२५]

भोलीपल्ट दिनभरी सिफोद्य: अगाडि गणका सबै देवी देवताको क्रमश: नाच हुन्छ । सो नाच नवदुर्गाको विशेष संङ्गितको ताल "घिँङ्ताल" मा हुने गर्दछ । नवदुर्गागण नाचको अन्तिम सांस्कृतिक कार्य स्वेतभैरवद्वारा "ङा (न्या) लाकेगु" (माछा समाउने) जात्रा हो । सो कार्य "नवदुर्गागण नाच" को एउटा मनोरञ्जनात्मक पक्ष पनि हो । दोस्रो दिनको साँझ विभिन्न सांस्कृतिक विधि पुरा गरी स्वेतभैरवले सुकेको सित्रा माछा अड्काएको एउटा सानो मान्द्रो समाएर सो मनोरञ्जनात्मक कार्य थालनी गर्छन् । त्यहाँ उपस्थिति भीडले स्वेतभैरवलाई जिस्काउने र उनले पनि तिनीहरूलाई नै लक्षित गरी लखेट्ने "ङा (न्या) लाकेगु" सांस्कृतिक कार्यको विशेषता हो । यस्तै किसिमको "ङा (न्या) लाकेगु" जात्रा दिउँसो सिम्ब (सिंहनी) र दुम्ब (ब्याघ्रिनी) बाट पनि हुन्छ । त्यस दिनको सबै सांस्कृतिक कार्य सम्पन्न गरी स्थानीय टोलवासी मिलेर नवदुर्गागणलाई उनको मन्दिरसम्म पुर्‍याइ विदावारी गरी फर्किन्छन् ।

नवदुर्गागणको सालैपिच्छे नयाँ जिवनचक्र सुरु हुन्छ । यस गणको शक्ति केन्द्र तलेजु भवानी हुन् । तलेजुबाट मन्त्रसिद्धि प्राप्त गरी यसले जिवन शक्ति प्राप्त गर्दछ । त्यस्तैगरी तलेजुको मूलचोकमा नवदुर्गागणलाई "सीजा: नकेगु" कार्य सम्पन्न भएपश्चात् त्यसको शक्ति ऱ्हास भई अस्तित्व नै समाप्त हुने परम्परा छ । प्रत्येक बर्ष पूर्वनिर्धारित टोल तथा गाउँमा नाच नचाउन र "ङा (न्या) लाकेगु" कार्य सम्पन्न हुन्छ । नवदुर्गाको "ङा (न्या) लाकेगु" अन्तिम कार्य भक्तपुर नगरको इच्छु टोलमा गर्ने परम्परा छ । सो कार्य सम्पन्न भएको लगत्तै नवदुर्गागणलाई तलेजुको मूलचोकमा "सीजा:" ख्वाउने र त्यहाँ गणको अन्तिम नृत्य प्रस्तुत गर्ने परम्परा छ । सो दिनदेखि आषाढकृष्ण अष्टमीको दिनसम्म विभिन्न सांस्कृतिकविधि पुरा गरी अन्तमा सोही दिनको रात गणका ब्यक्तिहरूले आफ्नो सबै मुकुन्दो स्थानीय ब्रह्मायणी पीठको मसानघाटमा लगेर जलाउँछन् । त्यसको अस्तु नदीमा वगाएर पठाउँछ । त्यसलाई नवदुर्गागणले जलप्रवेश गरेको मान्ने चलन छ । यसको पुनर्प्रतिष्ठापन अर्को वर्ष श्रावणकृष्ण चतुर्दशीबाट प्रक्रिया प्रारम्भ भएर आश्विनशुक्ल दशमी (बडादशैँ) को दिन पुरा हुन्छ । त्यस दिन तलेजुबाट मन्त्रसिद्धि प्राप्त गरेपछि नवदुर्गागणले पूर्णता प्राप्त गर्दछ । आफ्नो बार्षिक पात्रोअनुसार पुन: कार्य प्रारम्भ हुन्छन् ।

नवदुर्गानाच भक्तपुरको ऐतिहासिक र प्रख्यात नाच हुन् । वंशावलीमा उल्लेख भएअनुसार यसको प्रचलन भक्तपुरका तत्कालीन राजा सुवर्णमल्लले चलाएका थिए । यी राजाको शासनकालमा भक्तपुरमा अनिकाल परेको हुँदा सो कष्टबाट मुक्ति पाउन स्थानीय जनता यत्रतत्र फैलिए । यस्तो अवस्थामा राज्यभित्रको वातावरण शान्त पार्न उनले नवदुर्गा नाच नचाउने परम्परा आरम्भ गरेका थिए ।[२६] मध्यकालदेखि प्रचलनमा रहेको यस परम्परालाई भक्तपुर लगायत सम्बन्धित सबै ठाउँका भक्तजनहरूले अहिले पनि उतिकै आस्थाका साथ अवलम्बन गर्दै आइरहेका छन् ।

उपसंहार

सांस्कृतिक सम्पदा समाजलाई परिचित गराउने एउटा सशक्त माध्यम हो । समाजको अवस्था र उसको शालिनता स्थानीय सांस्कृतिक सम्पदाले प्रतिविम्बित गरी रहेको हुन्छ । जुन समाज विकसित, शभ्य र सम्पन्न हुन्छ त्यहाँ अनेकौ सम्पदाहरू विकास भएका हुन्छन् । नेपाल सांस्कृतिक सम्पदामा निकै घनी देश हो । यहाँका प्रत्येक ऐतिहासिक थलोहरूको आआफ्नै बिशेषताहरू छन् । स्थानीय समुदाय तथा जाति बिशेषले आफ्नो संस्कृति र सभ्यताको उत्थानमा यथोचित योगदान पुर्‍याउँदै आएका छन् । वास्तवमा संस्कृति र मानव जिवनबीच एकअर्कामा घनिष्ट सम्बन्ध छ । संस्कृति भनेको कुनै राष्ट्र वा जाति विशेषको परम्परागत आचार, विचार, कला, कौशल, रहन-सहन, बौद्धिक विकास आदिको परिष्कृत रूप हो । यससित सम्बन्धित भएका सबैलाई सांस्कृतिक भनिन्छ । कुनै जाति विशेषले आफ्नो समुदायमा प्रचलित संस्कृतिको विकास र विस्तार गर्न उनका पुर्खाले हजारौँ बर्ष व्यथित गरी सकेका हुन्छन् । त्यस अवधिमा आफ्नो परम्परा, रितिरिवाज, सामाजिक व्यवहार, बौद्धिक विकास आदिलाई निखार्दै परिष्कृत तुल्याएर आजको अवस्थामा ल्याई पुर्‍याएको छ । ती सबै समुदाय विशेषको आफ्नो सांस्कृतिक वैभव हुन् । त्यसैले समाजमा प्रचलित रितिरिवाज, परम्परा, रहनसहन, व्यवहार, बौद्धिक विकास आदि सबैलाई सांस्कृतिक सम्पदा भनिन्छ । सोहीअनुरूप काठमाडौं उपत्यकाका नेवार समुदायले हजारौं वर्षको अन्तरालमा आफ्नो आचार, विचार, व्यवहार, रीतिरिवाज, चालचलन आदिलाई निखार्दै सामाजिक, आर्थिक, सांस्कृतिक, कला, वास्तुकला आदि क्षेत्रमा उल्लेखनीय विकास गर्दैआएका छन् । परिणाम स्वरूप यहाँ एउटा परिस्कृत संस्कृतिको विकास भयो । यस उपत्यकामा विकास भएको संस्कृति र सभ्यतालाई तिनीहरूकै नामबाट नेवार संस्कृति भनिन्छ । सोही संस्कृतिको कारण यो ठाउँ अहिले पनि मुलुककै सांस्कृतिक केन्द्रविन्दूको रूपमा प्रतिष्ठापित हुँदैआएको छ ।

उपत्यकाका प्रख्यात बस्तीहरूमध्ये भक्तपुर नगरको आफ्नै पहिचान छ । स्थानीय बासिन्दाहरूले नेवार समुदायको

२५. श्री रामभक्त धौबन्जार, बर्ष ८१, भक्तपुर तिबुक्छे टेल निवासी, हाल काठमाडौं महानगरपालिका वडा नं. ३४ नयाँ बानेश्वर, एकतामार्ग ।
२६. क) राईट, पुर्ववत, पादटिप्पणी संख्या २, पृ. १२९ ।
ख) देवीप्रसाद लंसाल (सं.), भाषा वंशावली, भाग २, काठमाडौं: श्री ५ को सरकार, नेपाल राष्ट्रिय पुस्तकाल, वि.सं. २०२३, पृ. ५३ ।

सभ्यता उत्थान गर्नमा पहिलेदेखि ठुलो भूमिका निभाउँदै आएको छ। परिणाम स्वरूप भक्तपुर शहरमा सांस्कृतिक उत्सवका असंख्य सम्पदाहरू देख्न र अनुभूति गर्न पाइन्छ । वर्तमान समयमा प्रचलित सबैजसो जात्राउत्सवहरू मध्यकालदेखि प्रचलित हुँदैआएका छन् । तत्कालीन मल्लशासक तथा जनताहरूले यसप्रति बिशेष चासो देखाएको हुंदा यस क्षेत्रमा उल्लेख्य विकास हुनसकेको हो । तिनीहरूले समाजमा धार्मिक तथा आध्यात्मिक भावनाको विकास गरी मनोरञ्जनसमेत प्रदान गर्ने उद्देश्यले यसको विस्तार गरेको देखिन्छ । ती प्रत्येक उत्सवहरूले समाजमा मनोरञ्जन प्रदान गर्नुका साथै धार्मिक भावनाको विकास गरी संस्कृति जगेर्ना गर्नमा ठूलो योगदान पुऱ्याउँदै आएको छ। कुनै पनि समाजको संस्कृति र सांस्कृतिक सम्पदा त्यस समाजको सभ्यताको परिचायक हो । भक्तपुरमा प्रचलित उल्लेखित सांस्कृतिक उत्सवहरूले केवल त्यस नगरको मात्र नभई नेवार समुदायकै सभ्यताको परिचय गराउनमा थप योगदान पुऱ्याउँदै आएको छ । त्यसैले त आजको आधुनिक र भौतिकवादको युगमा पनि मानिसहरूले ती जात्रा उत्सवहरूलाई त्यतिकै महत्वका साथ मनाउँदै आइरहेका छन् । यद्यपि भक्तपुर लगायत काठमाडौं उपत्यका तथा अन्य ऐतिहासिक बस्तीहरूको समेत सांस्कृतिक सम्पदालाई जिवन्तता प्रदान गरी त्यसको निमित्त आबश्यक आयस्ता जुटाउन तत्कालीन सरकार र दाताले गुठी जग्गा राखी सम्बन्धित सबैलाई कार्य विभाजनसमेत गरिन्दै आएको थियो । तर सरकारले त्यस्तो गुठी जग्गालाई केही दशक अगाडिदेखि सम्पदाको उद्देश्य विपरित रैकरमा परिणत गरी आयस्रोत सुकाइ दिएको छ । त्यसबाहेक सम्पदाको संरक्षण र सम्बर्द्धनमा सरकारले खास ध्यान नदिएको हुँदा परम्परागत नेवार सांस्कृतिक सम्पदा लोप हुने अवस्थामा पुगेको छ। यस तर्फ सबै सचेत हुनु आजको आबश्यकता हो ।

सन्दर्भग्रन्थ सूची

एण्डरशन, मेरी एम., दि फेस्टिभल अफ नेपाल, लण्डन: जर्ज आलिन एण्ड अनविन लि., सन् १९७१ ।

खर्बुजा, सुर्यलाल, "भक्तपुरको बिस्केट जात्रासंग सम्बन्धित एउटा अप्रकाशित थ्यासफु", पासुका, वर्ष ५ अङ्क २, वि.सं. २०५७ ।

चालिसे, रवि, हाम्रा चाडपर्व, काठमाडौं: श्री ५ को सरकार, सूचना विभाग, वि.सं. २०३९ ।

जोशी, सत्यमोहन, नेपाली चाडपर्व, काठमाण्डौ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३९ ।

तेवारी, रामजी र अरू (सं.), अभिलेख संग्रह, भाग चार, काठमाडौं: संशोधन मण्डल, वि.सं. २०१६ ।

धौबन्जार, गोपाल, बिस्केटजात्रा : अष्टप्रदेश उत्सव, ललितपुर: जोशी रिसर्च इन्स्टिच्यूट, वि.सं. २०६५ ।

धौबन्जार, गोपाल, काठमाडौं उपत्यकाका बस्तीहरू, काठमाडौं: श्रीमती कल्पना श्रेष्ठ, वि.सं. २०६८ ।

राईट, डानियल (सं.), हिष्ट्री अफ नेपाल, कलकत्ता: रञ्जन गुप्ता, सन् १९६६ ।

रेग्मी, डी.आर., मेडिभल नेपाल, भाग ३, कलकत्ता: फर्मा के. एल. मुखोपाध्याय, सन् १९६६ ।

रेग्मी, डी.आर., मेडिभल नेपाल, भाग ४, पटना: दि अथर (लेखक स्वयम्), सन् १९६६ ।

लम्साल, देवी प्रसाद (सं.), भाषावंशावली, भाग २, काठमाडौं: पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३ ।

वज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, काठमाडौं: त्रि.वि.वि., नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३ ।

वज्राचार्य, धनवज्र र मल्ल, कमल प्रकाश, गोपालराजवंशावली, काठमाडौं: नेपाल रिसर्च सेण्टर पब्लिकेशन्स्, सन् १९८५ ।

वील्स, एलान आर., इण्डियाज् भिलेज, बम्बई: एशिया पब्लिसिङ्ग हाउस, सन् १९६० ।

श्रेष्ठ, कल्पना, "काठमाडौंमा मनाइने पाया: र त्यसको ऐतिहासिक महत्व", प्राचीन नेपाल, संख्या १३५, काठमाडौं: श्री ५ को सरकार, पुरातत्व विभाग, वि.सं. २०५० ।

श्रेष्ठ, कल्पना, नेवार समाजमा प्रचलित खड्गसिद्धि, काठमाडौं: नारायणबहादुर श्रेष्ठ र जानकीदेवी श्रेष्ठ, वि. सं. २०६५ ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, भक्तपुरको नवदुर्गा गण, भक्तपुर: बबिता श्रेष्ठ, वि.सं. २०६० ।

--- --- --- हस्तलिखितग्रन्थ, राष्ट्रिय अभिलेखालयमा रहेको माईक्रोफिल्म नं. बी ५१५/२८ ।

अन्तर्वार्ता लिएका महानुभावहरू

श्री आशाबहादुर छुँकाँ वर्ष ८७ भक्तपुर नगरपालिका वडा नं. १२ लाकुलाछेँ टोल, भैल नाय: ।

श्री कृष्णगोपाल वाईजु, बर्ष ६७, भक्तपुर नगरपालिका वडा नं. १४ तेखाचो टोल, देगमना ।

श्री कृष्ण माक, बर्ष ७५, भक्तपुर नगरपालिका वडा नं. ८ तिबुक्छेँ टोल चासुखेल ।

श्री नारायणप्रसाद फाकं, बर्ष ६०, भक्तपुर नगरपालिका वडा नं. १३ खौमा टोल ।

श्री रामभक्त धौबन्जार, बर्ष ८१, भक्तपुर तिबुक्छे टोल निवासी, हाल काठमाडौं महानगरपालिका वडा नं. ३४ नयाँ बानेश्वर, एकतामार्ग ।

पुरातत्व विभागको गतिविधि आ.ब. २०७२।७३

दामोदर गौतम
मन्जुसिं भण्डारी
सविता न्यौपाने (पौडेल)

विषय प्रवेशः

नेपाल भरिका सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक महत्वका सम्पदाहरु परम्परागत र मौलिक स्वरुपका संरचनाहरुको संरक्षण, संबर्द्धन जीर्णोद्धार एवं पुनःनिर्माणका लागि प्रमुख आधिकारिक सरकारी निकायका रुपमा जिम्मेवारी पाएको पुरातत्व विभागले आफ्नो स्थापनाकालदेखि नै विभिन्न क्रियाकलापहरु मार्फत आफ्नो उद्देश्यप्रति जिम्मेवार हुँदै आइरहेको छ । खासगरी प्राचीन स्मारक संरक्षण ऐन २०१३ को तर्जुमा एवं लागू भएपछि ऐनले तोकिदिएका क्षेत्राधिकारलाई नै आधार मान्दै सोही बमोजिमका नीतिहरु अबलम्बन गर्दै प्राचीन स्मारकहरुको संरक्षण, पुरातात्विक स्थलहरुको पहिचान एव तिनको यथोचित उत्खनन र प्राप्त प्रमाणहरुका आधारमा त्यसता महत्वपूर्ण स्थानहरुको तिथि निर्धारणका साथै ऐतिहासिक क्रमिकता निर्धारण अन्तराष्ट्रिय कानूनहरु प्रतिको आबद्धता एवं राष्ट्रका मौलिक तथा महत्वपूर्ण सांस्कृतिक सम्पदा संरक्षण एवं ब्यवस्थापनमा समायोजन जस्ता महत्वपूर्ण कार्यहरु नै पुरातत्व विभागको सांस्कृतिक सम्पदा संरक्षण अन्तर्गतका सशक्त कार्य क्षेत्रका रुपमा रहेका छन् । प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित) २०१३ को तर्जुमाकालमा सापेक्षिक रुपमा आएपनि समयानुकूल हुन नसकेको यर्थाथलाई समेत ध्यानमा राख्दै पुरातत्व विभागले क्रमशः आफ्नो कार्यक्षेत्रलाई भने समय सापेक्ष बनाउँदै सोही अनुरुपका कार्यक्रम सञ्चालन गर्नुका साथै ऐनलाई समयानुकूल संशोधन गर्ने प्रयास गर्दै आइरहेको छ ।

हालसम्म नेपालभरि छरिएर रहेका मूर्त सम्पदाहरु मन्दिर, मठ, पाटी, पौवा, ढुंगेधारा, इनार, मस्जिद, गुम्बा, बिहार, चैत्य, धर्मशाला, कोट, किल्ला एवं अमूर्त सम्पदाहरु परम्परागत नाच तथा जात्राहरुको खोज एवं अनुसन्धान गरी तिनको महत्व र भौतिक अवस्थाको आधारमा संरक्षण तथा बर्गीकरण सम्बर्द्धन गर्ने कार्यलाई यस विभागले प्राथमिकता दिइ सांस्कृतिक, धार्मिक एवं पुरातात्विक महत्व रहेका सम्पदाहरुको संरक्षण, संबर्द्धन तथा पुनः निर्माण अध्ययन, अनुसन्धान गर्न प्राज्ञिक साथै प्राविधिक कार्य गर्न गहन भूमिका खेलेको छ । पुरातत्व विभागले विगतका आ.ब.हरुमा आफ्नो उद्देश्य र लक्ष्य प्राप्तिका लागि तय गरिएका कार्यहरुलाई प्राथमिकता दिई कार्य सम्पन्न गरिँदै आए बमोजिम आ.ब. २०७२।७३ मा सम्पन्न गरिएका कार्यक्रमहरुलाई पनि गतिविधिको रुपमा प्रस्तुत गरिएको छ ।

यस्ता अमूल्य निधि तथा धरोहरहरुको अस्तित्व अक्षुण्ण राखी तिनको संरक्षण गरी भावी सन्ततिलाई हस्तान्तरण गर्नु आजको आवश्यकता लाई मध्यनजर राखी देश भरिका जिल्लाहरुमा जनचेतना अभिबृद्धिको माध्यमबाट र विगतका शीप र जाँगरलाई लोक सामु उजागर गर्ने लक्ष्य लिएको छ । साथै प्राचीन सम्पदाहरु प्रतिको मोह तथा अपनत्व महशुस गराउने विश्वास लिइ विगत केही वर्षदेखि यस विभागले जनचेतना अभिबृद्धिमूलक एवं सम्पदा संरक्षण कार्यमा जनउत्तरदायी बनाउन वार्षिक कार्यक्रम जनमुखी अनुकूल वनाउँदै लग्ने लक्ष्य लिएको छ । राष्ट्र भित्र रहेका विभिन्न स्थानका प्राचीन सम्पदा संरक्षण कार्यमा जनसहभागिता बृद्धि गर्दै स्थानीय जनताले बढी सहभागी बनाउने मूल आसय प्रतिबिम्बित रहेको छ । यसका लागि विभागले राष्ट्रभरिका सम्पदा सूचीकरण एवं बर्गीकरण कार्यलाई प्राथमिकता दिएको छ भने स्थानीय स्तरका सम्पदाहरुको जीर्णोद्धार मर्मत एवं सम्भार गर्ने काम स्थानीय निकाय मार्फत गर्न गराउन कानूनी स्वरुप समेत निर्धारण गर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्यलाई उपलब्धीमूलक बनाउन प्राचीन स्मारक संरक्षण सम्बन्धी कार्यबिधि २०६४ लाई अबलम्बन गर्न जोड दिँदै जीर्णोद्धार कार्यलाई

प्रभावकारी तुल्याउन यो निर्देशिका लगायत जीर्णोद्धार सम्बन्धी जनचेतनाका लागि अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिंदै यस आ.ब. मा नवलपरासी र बाजुरामा सञ्चालन गरिएको छ ।

वार्षिक बजेट :-

राष्ट्रिय सम्पदाको बृहद संरक्षण संबर्द्धन एवं जीर्णोद्धार कार्यका लागि यस विभागलाई प्राप्त हुने वार्षिक बजेट अत्यन्त न्यून रहेको छ । न्युन बजेट विनियोजनका कारण विभागले आफ्नो दायित्व र कार्य क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल गर्न अप्ठ्यारो परिस्थिति रहेको छ । यी अप्ठ्यारा परिस्थितिका बाबजुद पनि प्राथमिकताका अनुरुप बार्षिक कार्यक्रमलाई लक्ष्य सम्म पुर्‍याउन सफल रहेको तथ्य प्रष्ट हुन आउँछ ।

आ.ब.	राष्ट्रिय बिकास बजेट रु. हजारमा	पुरातत्व विभागको निमित्त छुट्टयाइएको विकास बजेट रु. हजारमा	बजेट अनुपात
२०६४।०६५	५५२६१६८२	५१३४०	०.००९
२०६५।०६६	१२४१९०९४७	५१५४१	०.००४१५
२०६६।०६७	१०६२८४७९३	५१५९९	०.०००५
२०६७।०६८	३४७१०५९७४	८७१००	०.२३५५
२०६८।६९	७२६०७०९०	८३२९७	०.००१५
२०६९।७०	४६१६२१०४४	१९७५५३	०.०७
२०७०।७१	६६६९४७२६	३५९०४१	.००५४
२०७१।७२	८६५८१७३७	४२,८५,९१,	.००४९५
२०७२।७३	१२९३७१४३७	६२,९४,५६,	.००४८७

यस विभागले चौध अञ्चल पचहत्तर जिल्लामा रहेका पुरातात्विक एवं ऐतिहासिक सम्पदा स्थलहरुको खोजी तथा अनुसन्धान एवं संरक्षण र क्षेत्रीय संग्रहालय लगायत विश्व सम्पदा क्षेत्रको सुब्यवस्था तथा सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला समेतको आवश्यक ब्यबस्था गर्दै आएको छ ।

विभागबाट संचालित विभिन्न आयोजना परियोजना मार्फत प्रत्येक वर्ष विनियोजित गरेको रकमबाट विभिन्न जिल्लाहरुमा गरिएका सम्बर्द्धन संरक्षण उत्खनन तथा विकास कार्यक्रमहरुबाट सवैमा जानकारी गराउन आफ्नो मुखपत्र प्राचीन नेपालमा एक आर्थिक वर्ष भित्र भए गरेका कामहरुको विवरण प्रकाशन गर्दै लैजाने नीति अनुरुप यस आ.ब.मा आर्थिकवर्ष २०७२।७३ को विकास कार्यको प्रगतिको संक्षिप्त विवरण निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

पुरातात्विक अन्वेषण, उत्खनन तथा संरक्षण कार्य प्राचीन स्मारक संरक्षण ऐन २०१३ ले पुरातात्विक अनुसन्धानका लागि आवश्यक विभिन्नि किसिमले अन्वेषण गरिएका पुरातात्विक स्थलहरुको उत्खनन गर्ने जिम्मेवारी केवल पुरातत्व विभागको भएकोले यदि कसैले ब्यक्ति वा संस्थागत रुपमा नेपालको कुनै पुरातात्विक स्थलहरुको उत्खनन गर्न चाहन्छ भने पुरातत्व विभागको स्वीकृति लिनुपर्ने ब्यवस्था र सो अनुरुप नगरेमा दण्ड सजाँय हुने समेतको ब्यवस्था पनि प्राचीन स्मारक संरक्षण ऐनले स्पष्ट रुपमा गरिदिएको छ ।

यसै अनुरुप नै पुरातत्व विभागले आफ्नो स्थापनाकाल देखि नै निरन्तर रुपमा विभिन्न स्थलहरुको उत्खनन कार्यहरु गर्दै आइरहेको छ । प्रारम्भमा विशेषगरी भारतीय सहयोग नियोगसंगको समन्वय गर्दै आएको पुरातात्विक उत्खननलाई हालका वर्षहरुमा अन्य राष्टका सरकारसंग पनि गरेको र पछिल्लो समयमा विदेशी संस्था एवं विशेषज्ञहरुसंग संयुक्त रुपमा उत्खननका कार्यहरु समेत गर्दै आइरहेको र विगत केही वर्षहरुदेखि नेपाल सरकार पुरातत्व विभाग आफैले लगानी गरेर यस किसिमको उत्खनन गर्ने कार्यको थालनी गरी हालसम्म विभागले आफ्नै विशेषज्ञहरुबाट धेरै उत्खननका कार्यहरु गरिसकेको छ भने (बेलायत स्थित दुरहाम विश्वविद्यालयबाट सम्भाब्य पुरातात्विक स्थलहरुको भूभौतिक सर्भेक्षण गरी, प्राचीन तलौराकोट, भक्तपुर

दरवार क्षेत्र, पाटन दरवार क्षेत्र, हनुमानढोका दरवार क्षेत्र, पशुपति क्षेत्र परिसर लगायत स्थलहरुमा) आ.ब. २०७२।७३ मा विभिन्न स्थलहरुको उत्खनन कार्यहरुमा गरिएको थियो । वास्तवमा पुरातात्विक उत्खनन कार्य धैरै आर्थिक ब्यय एवं लामो अवधिको समय दुवै लगानी गर्नुपर्ने भएकोले यसलाई विकासोन्मुख देशहरुमा महँगो आर्थिक पक्षाको रुपमा हेरी त्यति प्राथमिकता दिने गरिएको नपाइएता पनि नेपालमा भने त्यसको शुरुआत निकै समय अगाडी नै भैसकेको छ ।

यसका अतिरिक्त पुरातत्व विभाग सांस्कृतिक सम्पदा संरक्षण एवं ब्यबस्थापनका लागि प्राबिधिक विशेषज्ञताको रुपमा रहेको हुँदा यस क्षेत्रका प्राबिधिक विशेषज्ञहरुको स्तरलाई सबल बनाई राख्नुपर्ने तर्फ सधैं प्रयासोन्मुख रहनु पर्ने आवश्यकता रहेको सन्दर्भलाई ध्यानमा राख्दै आ.ब २०६८।६९ मा पुरातात्विक उत्खनन् कार्यका लागि जनशक्ति उत्पादनका लागि तथा कर्मचारीको कार्य क्षमता अभिबृद्धि गर्न विभागबाट भवानीपुर तथा पण्डितपुरमा पुरातात्विक उत्खनन् तथा तालिम को २० दिने कार्यक्रम संचालन भएको थियो । जसबाट विभागमा आवश्यक जनशक्तिको थोरै मात्रामा भए पनि सहयोग भएको छ । साथै बेलायतस्थित दुरहाम विश्वविद्यालयको आयोजनामा नेपालका विभिन्न स्थान तथा विदेशमा समेत गरिने उत्खनन कार्यमा हुने सहभागिताबाट पनि विभागमा आवश्यक जनशक्तिको केही मात्रामा सहयोग पुगेको छ ।

पुरातात्विक स्थल संरक्षण तथा सुधार आयोजना ब.उ.शि. नं.३२५१११

यस आयोजना अन्तर्गत पूर्व मेची देखि महाकालीसम्मका स्मारकहरुको संरक्षण संबर्द्धन गरी ऐतिहासिक एवं पुरातात्विक महत्वलाई जगेर्ना गर्नु लगायत पुरातात्विक स्थलको खोज तथा अनुसन्धान एवं उत्खनन् प्रतिवेदन तयार गर्ने कार्यहरु पर्दछन् । कार्य क्षेत्रको ब्यापकतालाई दृष्टिगत गर्दा उल्लेखित बजेट न्यून रहेको छ । हालसम्म गरिएका अनुसन्धानबाट प्राप्त विवरणहरुका आधारमा सूचीकरण भैसकेका सम्पदाहरुको बाहुल्यतालाई मध्यनजर गर्दा उपलब्ध बजेटलाई अधिकतम सदुपयोग गरी प्रतिफल प्राप्त गर्न सम्पदाहरु प्रति जनचासो अभिबृद्धि गर्न जनसहभागितामूलक कार्यक्रम संचालन गर्नमा विशेष प्रयासहरु भईरहेको छ । फलस्वरुप यस क्षेत्रमा केही वर्षदेखि विभिन्न निकायहरु महानगरपालिका, नगरपालिका, वडा कार्यालय, स्थानीय निकायहरु, निजी गुठी एवं सरोकारवालाहरुबाट पनि उल्लेखनीय लगानी हुन थालेको छ । यस प्रकारको संलग्नताले संम्पदा संरक्षण कार्यमा महत्वपूर्ण सहयोग हने विश्वास गरिन्छ ।

विभागका मुख्य मुख्य आयोजनाहरु

१. पुरातात्विक स्थल संरक्षण आयोजनाः

चालु आ.व.मा रु. २७ करोड ११ हजार विनियोजन भई २१८ वटा कार्यक्रमहरु समोवश भएका छन् जस मध्ये ९८ वटा सम्पदा संरक्षण टेण्डर प्रकृयाबाट गर्ने, ८४ वटा अनुदान बाट गर्ने र १५ वटा विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक स्थलहरुको अध्ययन अनुसन्धानको कार्यक्रम रहेको छ ।

२. विश्व सम्पदास्थल संरक्षण आयोजनाः

चालु आ.व.मा रु १ करोड ७८ लाख ६० हजार विनियोजन भई २६ वटा कार्यक्रम समावेश भएको छ । जस अन्तर्गत १२ वटा टेण्डर प्रकृयाबाट गर्ने २ वटा अनुदानबाट गर्ने र बाँकी कार्यहरु अध्ययन अनुसन्धान आदि समावेश गरिएको ।

बजेटको स्थिति

विभाग र अन्तर्गत निकायहरुको (नियमिततर्फको) समेत

आ.व. ०७२।७३

चालु बजेट	पूजीगत बजेट	जम्मा
